म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १९६ सोमबार, १८ फागुन २०८२ ने. सं. ११४६ चिल्लाथ्व 2 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

**फागुपूर्णिमाको शुभकामना**

रङ नै रङको पर्व फागुपूर्णिमा अर्थात् होलीको उपलक्ष्यमा हाम्रा समस्त पाठक, ग्राहक, विज्ञापनदाता, कर्मचारी तथा शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साथै, होलीको अवसरमा आज एक दिन कार्यालय बिदा हुने भएकोले हाम्रो भेट फागुन २० गते बुधबार हुनेछ ।

साझाकुरा राष्ट्रिय दैनिक परिवार

## होलीमा अत्यावश्यकबाहेक अन्य काममा सवारीसाधन नचलाउन प्रजिअको आग्रह

# विगतभैंm खुल्लमखुल्ला होली नखेल्न अनुरोध

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले होलीपर्वका बेला अत्यावश्यक बाहेक अन्य काममा सवारीसाधन नचलाउन आग्रह गरेका छन् ।

उनले होली तथा आगामी निर्वाचनका लागि अपनाइएको सुरक्षा व्यवस्थाबारे जानकारी दिँदै यस्तो आग्रह गरेका हुन् । प्रजिअ अधिकारीले सवारी चलाउनै परेमा ट्राफिक नियमको पूर्णपालना गर्नुपर्नेमा जोड दिए । विशेषगरी, होली खेलनकै लागि सवारीसाधन चलाउन रोक लगाइएको उनले स्पष्ट पारेका छन् । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको संघारमा होली परेकाले शान्तिसुरक्षामा कुनै असर नपुगोस् भन्ने उद्देश्यले यसवर्ष होलीपर्वमा कडाइ गरिएको प्रजिअ अधिकारीले बताए । विगतका वर्षभैंm खुल्लमखुल्ला होली नखेल्न आग्रह गर्दै उनले यसपटक घरको कम्पाउन्डभित्र मात्रै होली मनाउन अनुरोध गरेका छन् ।



जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सार्वजनिकस्थलमा होली कार्यक्रम गर्न रोक लगाइएको बताउँदै प्रायोजक तथा कलाकारलाई समेत होली कार्यक्रम नगर्न निर्देशन दिइएको प्रजिअ अधिकारीले जानकारी दिएका छन् । 'मदिराका कारण झगडा र दुर्घटना बढ्ने हुनाले यसलाई नियन्त्रण गर्न आजैबाट प्रहरी परिचालन गरिएको छ' उनले भने, 'सार्वजनिकस्थानमा ठुलो आवाजमा डिजे बजाउन, पानीका फोहोरा फाल्न र ठुलो समूहमा जम्मा भएर होहल्ला गर्न समेत रोक लगाइएको छ । गतवर्षमा हेटौंडाको संगमचोक, बुद्धचोक, सीमाचोक, हुप्राचौर लगायतका स्थानमा हुने भिडभाडलाई यसपटक पूर्णरुपमा नियन्त्रण गरिनेछ ।'

निर्वाचनको पूर्वतयारी स्वरुप फागुन १४ गतेदेखि नै मदिरा बिक्रीवितरणमा रोक लगाइएको उनले बताए । मदिरा बिक्रीवितरण तथा सेवनमा लगाइएको प्रतिबन्ध सबैले पालना गर्न र गराउन उनले आग्रह गरे । सबै नागरिकको सहयोग रहेमा मात्रै निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न हुने भएकाले तोकिएका नियम पालना गर्न सबै पक्षलाई आग्रह गरिएको छ । 'अहिले हाम्रो मुख्य उत्सव भनेकै निर्वाचन हो । पहिले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा चुनाव सम्पन्न गरौं । रमाइलो र पिकनिक त चुनावपछि पनि गर्न सकिन्छ । उच्छृंखल गतिविधि गर्ने र प्रशासनको आग्रहलाई अवज्ञा गर्ने व्यक्तिलाई तत्काल नियन्त्रणमा लिएर कानुनी कारबाही अगाडि बढाइने छ,' प्रजिअ अधिकारीले भने ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले फागुन १४ र १५ गते सूचना जारी गर्दै निर्वाचन आचारसंहिता पालना गर्दै मर्यादितरुपमा होलीपर्व मनाउन आग्रह गरेको थियो । फागुपूर्णिमा अर्थात रंङ्गहरुको पर्व होली, पहाडी जिल्लामा मनाइँदै छ । पहाडी जिल्लामा आजै होली पर्व मनाइने भएपनि तराईका जिल्लामा भने भोलि (मंगलबार) मनाइन्छ । यो पर्वको अवसरमा सरकारले क्षेत्र अनुसार फरकफरक दिन सार्वजनिक बिदा दिएको छ । फागुन शुक्लअष्टमीका दिन काठमाडौंको चीर ठड्याइपछि देशभर यो पर्व सुरु भएको मानिन्छ । स्थानअनुसार मनाइने होलीको नाम पनि फरक छ । हिमाली र पहाडीभेगमा खासगरी 'फागुपूर्णिमा' र तराई मधेशमा 'होली' भनिन्छ । मैथिली भाषामा भने होलीलाई 'फगुआ' र 'होरी' भन्ने गरिन्छ ।

तराईमधेशका अधिकांश क्षेत्रमा पूर्णिमाको भोलिपल्ट होलीपर्व मनाइने चलन भएपनि प्राचीन मिथिलाको राजधानी जनकपुधाममा अन्तरगृह परिक्रमा सकेको भोलिपल्ट होलीपर्व मनाइने गरिएको छ । सबैलाई एउटै रंगमा रंगाउने होलीपर्व समानता र सद्भावको प्रेरणा स्रोत रहिआएको छ । हिन्दू, मुस्लिम, सिख, इसाई, मङ्गोल, किराँत, राई आदिमा एकताको सन्देश दिँदै यसपर्वले सबैको मनमा उमङ्ग एवं उत्साहको सञ्चार गर्दै आएको छ । असत्यमाथि सत्यको, छलमाथि निष्छलताको र अधर्ममाथि धर्मको विजयको प्रतीकको रुपमा होलीपर्व मनाउने गरिन्छ ।

होली नेपाल, भारत तथा अन्य राष्ट्रमा रहेका हिन्दूको एउटा महत्वपूर्ण चाड हो । यो चाड वसन्त ऋतुमा फागुनको महिनामा मनाइन्छ । होलीको दिन मानिसले एक अर्कामाथि विभिन्न प्रकारका रंग हालेर एक अर्कालाई रङ्गिन बनाउछन् । होलीपर्व मनाउनुको कारण र इतिहास छ । होली खेल्ने दिन भन्दा एकदिन पहिला राती होलीका दहन गरिन्छ । राती होलीका दहन गरिसकेपछि बिहान पानीमा रंग घोलेर एक अर्कामाथि फाल्ने चलन छ । भनिन्छ कि होलीको दिन 'पुरानो कटुता समाप्त गरेर, दुस्मनी बिर्सेर मान्छे एकअर्कासित मिल्छन् ।' यस पर्वलाई फागुनको महिनामा मनाउने भएकाले यसलाई फगुआ पनि भनिन्छ ।

होलीपर्व घरपरिवार साथीभाइ आपसमा रङमा रङ्गिएर उल्लासपूर्वक मनाउने फागुन पूर्णिमाको अवसरमा पहाडदेखि तराई र गाउँदेखि सहरसम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरुका हूल तथा जत्था हातमा रङ र रङ्गीन घोल पदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसईबीलाई बिर्सेर उत्साह र उमङ्गकासाथ मनाइने रङ्गीन पर्वको रुपमा लिइन्छ । त्रिविको नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका विभागीय प्रमुख प्राडा मदनकुमार रिमाल पहाड र तराईमा २ दिन होली मनाउनुको विशेष महत्व रहेको बताउँछन् । मिथिला संस्कृतिमा हुर्किएका रिमाल मिथिला क्षेत्रमा फागुपूर्णिमाको दिन विशेष मेला लाग्ने र हजारौं जनाको उपस्थिति हुने भएकोले सोको भोलिपल्ट होली मनाउने गरिएको बताउँछन् ।

मिथिला संस्कृतिमा हरेक पूर्णिमाको दिन जनकपुरलगायत देवालयमा विशेष मेला लाग्ने गर्छ । धार्मिक ग्रन्थहरुमा फागुपूर्णिमा एकदिन मात्रै मनाउने उल्लेख भएपनि यो सबैले स्वीकारेको निर्विवाद संस्कृतिको रुपमा विकास भइसकेको छ । हिन्दू धर्मअन्तर्गत् मनाइने हरेक चाडपर्वका बारेमा निर्णय गर्ने निर्णयसिन्धुले पनि होलीलाई एकदिने पर्वको रुपमा उल्लेख गरेको छ । यो ग्रन्थको ३०८ औं पृष्ठमा पूर्णिमाको दिन फागुपूर्णिमा मनाउने चलन रहेको उल्लेख गरेको छ । रिमालका अनुसार पहाडमा फागुपूर्णिमा र तराईमा होली फरक दिन मनाउनुको २ वटा कारण छन् । एउटा त जात्राका कारण भोलिपल्ट मनाउने चलन बसेको हुन सक्छ ।

अर्कोतर्फ अघिल्लो दिन साँझ होलिका दहन गरिसकेपछि त्यसको भोलिपल्ट त्यसैको खुसीयालीमा होलीपर्व मनाउने गरिएको हुन सक्छ । साँझमा रंग लगाउनुभन्दा पनि भोलिपल्ट मनाउने चलन बसेको हुनसक्ने उनी बताउँछन् ।

'होली परिवार र साथी भाइका बीचमा सद्भाव बाँड्ने पर्व हो । पूर्णिमाको दिन जात्राका कारण मनाउन नसकेको रंगीन पर्वलाई भोलिपल्ट साथीभाइसँग बसेर मनाउन थालियो । यसरी नै तराईमा भोलिपल्ट मनाउने संस्कृति बन्यो ।' रिमालले भने 'यो हामीले थाहा पाउँदादेखि नै २ दिन मनाउने चलन थियो । पछि यही आधारमा सरकारले बिदा समेत २ दिन दिन थालेपछि झनै यो २ दिने पर्वको रुपमा विकास भयो ।

# मतदान अधिकृतलाई निर्वाचन सामग्री बुझाउन सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मकवानपुरमा मतदान अधिकृतलाई निर्वाचन सामग्री बुझाउन सुरु गरिएको छ ।

प्रदेश निर्वाचन कार्यालयका अनुसार मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा जगेडा कर्मचारीलाई अभिमुखीकरण गरी नियुक्तिपत्र वितरण गरेसँगै आइतबारदेखि निर्वाचन सामग्री बुझाउन थालिएको हो । प्रदेश निर्वाचन अधिकारी हरि ढकालका अनुसार निर्वाचनका लागि आवश्यक ५२ प्रकारका सामग्री मतदान अधिकृतलाई उपलब्ध गराइएको छ । १० वटै स्थानीय तहका मतदानस्थलमा खटिएका कर्मचारीलाई आइतबार र सोमबार सामग्री बुझाइने छ । खटिएका कर्मचारी सोमबार नै मतदानस्थल पुगेर निर्वाचनको पूर्वतयारी थाल्नेछन् ।

'हामी तयारीको अन्तिम विन्दुमा छौं । कर्मचारी साथीहरु मतदान सामग्री लिएर केन्द्रतर्फ लाग्ने क्रममा हुनुहुन्छ ।' उनले भने, 'आगामी २१ गते मतदातालाई उत्साहपूर्वक सहभागी हुन सकिने छ । निर्वाचन आयोगले फागुन १८ गते राति १२ बजेदेखि मौनअवधि सुरु हुने र यो अवधिमा उम्मेदवार र राजनीतिक दललाई निर्वाचन आचारसंहिता पूर्णपालना गर्नुपर्नेछ । जिल्लास्थित सुरक्षा निकायले सुरक्षाको पूर्णप्रबन्ध मिलाइएको छ । मतदाताले निर्धक्क भएर मतदान केन्द्रमा गएर भोट हाली सुरक्षितरुपमा घर फर्कन सक्ने वातावरण रहेको छ ।'

निर्वाचनको दिन सार्वजनिक सवारीसाधन बन्द रहने भए तापनि हिँडडुल गर्न नसक्ने वृद्ध वृद्धा, अपाङ्गता भएका व्यक्ति र अशक्त मतदाताका लागि विशेष व्यवस्था गरिने उनले बताए । विगतको अभ्यासलाई पछ्याउँदै मतदान अधिकृतको अनुमति लिएर उनीहरुलाई मतदान केन्द्रसम्म ल्याउने र मतदान गराउने व्यवस्था मिलाइने उनको भनाई छ ।

मकवानपुरका दुई अस्थायी गरी ३ सय ७६ मतदान केन्द्रमा निर्वाचन गराउन ३ हजार ३ सय ६६ कर्मचारी खटिने भएका छन् । ५ सयसम्म मतदाता भएको मतदान केन्द्रमा ८ जना, ५ सय भन्दा बढी मतदाता भएको केन्द्रमा ९ जना र अस्थायी मतदान केन्द्रमा ५ जना कर्मचारी खटिनेछन् ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र दुईवटा रहेको मकवानपुरमा कुल ३ लाख १५ हजार ३३४ मतदाता छन् । जसमा क्षेत्र नम्बर १ मा पुरुष ७९ हजार ६ सय २१, महिला ७८ हजार ८ सय १० र अन्य ४ गरी १ लाख ५८ हजार ४ सय ३५ र क्षेत्र नम्बर २ मा ८२ हजार ३ सय ३२ पुरुष, ७४ हजार ५ सय ६६ महिला र १ अन्य गरी १ लाख ५६ हजार ८ सय ९९ मतदाता छन् । यस्तै मकवानपुर क्षेत्र नम्बर १ मा ४० वटा ६२ वटा मतदानस्थल र १७८ वटा मतदान केन्द्र रहेका छन् । क्षेत्र नम्बर २ मा ६२ वटा वडा, १०५ वटा मतदानस्थल र १९६ वटा मतदान केन्द्र कायम भएको कार्यालयले जनाएको छ । मकवानपुरमा दुईवटा अस्थायी मतदानस्थल राखिएको छ । भीमफेदी कारागार र जिल्ला प्रशासन कार्यालय मकवानपुरमा एक/एक वटा मतदानस्थल रहने प्रदेश निर्वाचन अधिकारी ढकालले बताए । यी मतदानस्थलका लागि मतदाता ३ हजार ३०७ रहेका छन् ।

**निर्वाचनको सम्पूर्ण तयारी पूरा, हिमालीभेगका दुर्गमबस्तीसम्म पुग्यो सामग्री**

प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्पूर्ण व्यवस्थापकीय र प्राविधिक तयारी पूरा भएको बताएका छन् ।

आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले यस्तो दाबी गरेका हुन् । उनकाअनुसार मुलुकका उच्चपहाडी र हिमाली जिल्लाका साथै हिमाल पारिका दुर्गम बस्तीमा समेत निर्वाचन सामग्री पुगिसकेका छन् । उनले निर्वाचनको मिति घोषणा भएदेखि नै सञ्चारजगतले सकारात्मक भूमिका खेलेका कारण २१ गते निर्वाचन सम्पन्न हुने विश्वास व्यक्त गरेका छन् ।

ज्वाइन्ट इलेक्सन अब्जर्भेसन कमिटीबाट प्राप्त एसएमएसको जानकारी दिँदै उनले भने, 'हाम्रो कमिटीले देशभरको अवस्थाको निरन्तर अनुगमन गरि रहेको छ । अहिले भर्खरै प्राप्त जानकारीअनुसार सबै निर्वाचन व्यवस्थापनका सामग्री उच्चपहाडी, हिमाली जिल्ला र त्यो भन्दा पारिको बस्तीमा पनि पुगिसकेका छन् । मतदान अधिकृत, मतपत्र र मतदानका लागि आवश्यक सबै सामग्री गन्तव्यमा पुगिसकेकाले अब कुनै पनि काम बाँकी र अधुरो छैन ।' जनशक्ति परिचालन र सुरक्षा व्यवस्थापनको पक्षबाट आयोग पूर्णरुपमा ढुक्क रहेको उनको भनाई छ ।

# आइतबार रातको १२ बजेदेखि सीमानाका बन्द



साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ अन्तर्राष्ट्रिय सीमाना जोडिएका जिल्लामा आइतबार राति १२ बजेदेखि सीमानाका बन्द हुने भएको छ ।

बिहीवार हुने प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्ररुपमा सम्पन्न गराउने उद्देश्यले अन्तर्राष्ट्रिय सीमाना जोडिएका जिल्लामा सीमानाका बन्द गर्न लागिएको हो । निर्वाचन सुरक्षा निर्देशिकामा निर्वाचन हुनुभन्दा ७२ घण्टा अगाडि सीमानाका बन्द गर्नुपर्ने प्रावधान छ । सोही प्रावधानअनुसार सीमानाका बन्द गर्न आयोगले सिफारिस गरेको सूचनाअधिकारी सुमन घिमिरेले जानकारी दिए । सोहीअनुसार नै आईतवार राति १२ बजेदेखि मतदान सम्पन्न नहुन्जेल सम्मको लीग अन्तर्राष्ट्रिय सीमानाका बन्द गर्न लागिएको हो ।

'निर्वाचनलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र बनाउने उद्देश्यले निर्वाचन आयोगले तयार गरेको निर्वाचन सुरक्षा निर्देशिका बमोजिम आइतबार राति १२ बजेदेखि अन्तर्राष्ट्रिय सीमाना जोडिएका जिल्लामा अन्तर्राष्ट्रिय सीमानाका बन्द गर्नको लागि निर्वाचन आयोगले नेपाल सरकारलाई सिफारिस गरेबमोजिम सीमानाकाहरु बन्द रहनेछन् । सोही बमोजिमको व्यवस्था गर्न/गराउनको लागि सम्बन्धित निकायलाई निर्वाचन आयोगले अनुरोध गर्दछ,' उनले भने । आयोगले सीमानाका बन्दसम्बन्धी व्यवस्था प्रभावकारीरुपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ । निर्वाचनअवधिभर सुरक्षालाई कडा बनाउँदै सम्भावित अवाञ्छित गतिविधि नियन्त्रण गर्न आयोगले विभिन्न सुरक्षा उपाय अवलम्वन गरिरहेको जनाएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# स्थानीय तहको अनुदान कटौतीको प्रभाव

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण अनुदान कटौती नगर्न केन्द्र सरकारको ध्यानाकर्षण गराएको छ । चालु आर्थिक वर्षको प्रथम छ महिनामा सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकेपछि प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण शीर्षकको अनुदान कटौती गर्ने निर्णय गरेको थियो । महालेखा नियन्त्रक कार्यालयले गत माघ २७ गते सबै कोष तथा लेखानियन्त्रक कार्यालयलाई परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्ताबापतको रकम कटौती गर्न निर्देशन दिएको थियो । आयोगले वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्ने अधिकार संविधान अनुसार आफूमा निहीत रहेको स्पष्ट पारेको छ । स्थानीय तहको अनुदान कटौतीले विकास निर्माणमा गम्भीर असर पार्ने गरेको छ । संघीय शासनप्रणालीअन्तर्गत स्थानीय तहलाई विकासको प्रमुख आधार मानिएको भएपनि अनुदानमा गरिएको कटौतीले उनीहरुको योजना कार्यान्वयन क्षमतामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । स्थानीय तहले सडक, खानेपानी, सिँचाइ, विद्यालय, स्वास्थ्यचौकीजस्ता आधारभूत पूर्वाधार निर्माण तथा सेवामा ठूलो जिम्मेवारी वहन गर्दै आएका छन् । तर, आवश्यक स्रोतसाधन नपुग्दा यस्ता योजनाहरु अलपत्र पर्ने जोखिम बढेको छ । अनुदान कटौतीका कारण ठेक्का प्रक्रिया ढिलो हुने, निर्माणकार्य अधुरो रहने र लागत बढ्ने समस्या देखा पर्नसक्छ । यसले स्थानीय अर्थतन्त्रमा पनि नकारात्मक असर पार्छ, किनकि विकास निर्माणसँग जोडिएका श्रमिक, व्यवसायी र सेवा प्रदायक प्रत्यक्ष प्रभावित हुन्छन् ।

जनताले अपेक्षा गरेको सेवा समयमा नपाउँदा स्थानीय सरकारप्रतिको विश्वास कमजोर हुने सम्भावना पनि रहन्छ । ग्रामीण तथा दुर्गमक्षेत्रका स्थानीय तहहरु अनुदानमा बढी निर्भर हुने भएकाले कटौतीको असर उनीहरुमा अझ तीव्र हुन्छ । आन्तरिक आम्दानी सीमित भएका कारण वैकल्पिक स्रोत व्यवस्थापन गर्न उनीहरुलाई कठिन हुन्छ । दीर्घकालीनरुपमा हेर्दा, विकासको गति सुस्तभई क्षेत्रीय असमानता बढ्न सक्छ । त्यसैले स्थानीय तहको आवश्यकता, योजना र प्राथमिकतालाई ध्यानमा राखी अनुदान नीति बनाइनु आवश्यक छ । पर्याप्त र समयमै उपलब्ध हुने स्रोतले मात्र समावेशी र दिगो विकास सम्भव हुन्छ । संवैधानिक व्यवस्थामा निहीत अधिकार प्रयोग गरी आयोगले आर्थिक वर्ष २०८२/८३ का लागि संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गरी सिफारिस गरेको र संवैधानिक व्यवस्थाको अधिनमा रही आयोगले गरेको सिफारिस नेपाल सरकारले अनिवार्यरुपमा कार्यान्वयन गर्नुपर्छ भन्ने आयोगको बुझाइ छ । आर्थिक वर्ष २०८२/८३ का लागि आयोगबाट भएको सिफारिस तथा संघीय संसदबाट पारित बजेट बमोजिम रकम हस्तान्तरण गर्न अर्थ मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराइएको छ । नेपालको संविधानको धारा ६० को उपधारा (३) अनुसार प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण सिफारिस गर्ने व्यवस्था राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा निहीत छ । धारा २५१ को उपधारा (१) को खण्ड (ख) ले पनि संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने अधिकार आयोगलाई दिएको छ । यी संवैधानिक व्यवस्थाअनुसार आयोगले सिफारिस गरेअनुसार नै अनुदान उपलब्ध गराउनु पर्ने निष्कर्षमा आयोग पुगेको हो ।

सरकारले भने लक्षित राजस्व संकलन हुननसक्दा अनुदान कटौती गर्नुपरेको जनाएको छ । पुस मसान्तसम्म लक्ष्यको तुलनामा ८१ दशमलव ७५ प्रतिशत मात्र राजस्व संकलन भएको र सोहीअनुपातमा प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न अर्थ मन्त्रालयबाट लेखिआएको महालेखा नियन्त्रक कार्यालयको परिपत्रमा उल्लेख छ । तेस्रो त्रैमासिक किस्ताबापत हुने २५ प्रतिशतमध्ये २० दशमलव ४३ प्रतिशत, अर्थात् कुल स्वीकृत वार्षिक बजेटको ७० दशमलव ४३ प्रतिशत नबढ्ने गरी अनुदान हस्तान्तरण गर्न निर्देशन दिइएको छ । चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि जारी गरेको ९५ बुँदे मार्गदर्शनमा पहिलो र दोस्रोकिस्ता सुरु अनुमान बमोजिम तथा तेस्रो र चौथो किस्ता राजस्व संकलनको अवस्थाका आधारमा निर्धारण गरिने उल्लेख छ । अर्थकाअनुसार यसवर्ष १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख आम्दानी गर्ने लक्ष्य राखिएकोमा पुस मसान्तसम्म पाँच खर्ब ८८ अर्ब ५१ करोड ४२ लाख अर्थात् ३८ दशमलव ३८ प्रतिशत मात्र संकलन भएको छ । गत आर्थिक वर्षमा पनि अनुदान कटौती भएको थियो । त्यसबेला प्रदेश तथा स्थानीय तहले ठेक्का लागिसकेका र कार्यान्वयनमा गइसकेका योजना तथा कार्यक्रमको बजेट कटौती भएको भन्दै असन्तुष्टि जनाएका थिए । विरोधपछि महालेखा नियन्त्रक कार्यालयले तेस्रो किस्तासम्बन्धी निर्णय संशोधन गर्दै केही रकम निकासा गरेको थियो । चौथो किस्तामा समेत कटौती हुँदा प्रदेश र स्थानीय तहले कुल स्वीकृत वार्षिक बजेटको ९१ दशमलव ७६ प्रतिशत मात्र प्राप्त गरेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन १९ गते मंगलबार ३ मार्च २०२६ । पूर्णिमा फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:२९ सूर्यास्त ६:०५ । तराईमा होली । फागुपूर्णिमा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सञ्चित धन खर्च हुनेछ | तुला | : सहमतिका कार्यहरु हुनेछन् |
| वृष | : आफन्तले कुरा काट्नेछन् | वृश्चिक | : नयाँ कार्य सम्पन्न हुनेछ |
| मिथुन | : आत्मविश्वास बढ्नेछ | धनु | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| कर्कट | : आफन्तको सहयोग मिल्नेछ | मकर | : सन्तानबाट सन्तोष मिल्नेछ |
| सिंह | : मान, प्रतिष्ठा बढ्नेछ | कुम्भ | : विवाद पर्न सक्नेछ |
| कन्या | : कार्यमा सफलता मिल्नेछ | मीन | : दाम्पत्य सुख मिल्नेछ |

# जेनजी पुस्ताको अपेक्षा र चुनाव



सही मानेमा भन्ने हो भने जेनजी पुस्ताको चाहना भनेको देशमा भ्रष्टाचारमुक्त सुशासन कायम गराउनु थियो । सुशासन कायम भएपछिका दिनमा देशको चौतर्फी विकास तथा उन्नतिको सपना पनि बुनिएको हुन्छ नै । तर जेनजी पुस्ताभित्रकै नेतृत्व गर्न सक्ने आधिकारिक जेनजी पुस्ताको अभावमा अन्तरिम सरकारले चुनाव गराउने तयारी गरिरहेको छ ।

चुनाव एउटा उपाय भए पनि वर्तमानको यो चुनावले जेनजी पुस्ताका अपेक्षा पूरा हुने केही अपेक्षा राखिएको भए पनि पूर्णता भने पाउन सक्ने अवस्था बनेको छैन । पुराना राजनीतिक दलहरुले संसद् पुनर्स्थापना होस् भन्ने हेतुले चुनावमा सहभागी हुँदै छन् । हामीमध्ये चुनावमा जसले जितेर सरकार गठन गरे पनि पुराना अनियमितताका मामलामा उनीहरू एकढिक्के हुनेवाला छन् । उनीहरूका अनुसार संसद् पुनर्स्थापना भयो र पुरानै राजनीतिक दलले हालिमुहाली गर्न पुगे भने जेनजी पुस्ताको आन्दोलनको औचित्य पूर्णरुपमा सकिएको मान्नुपर्ने हुन्छ ।

पुराना राजनीतिक दलले हालिमुहाली गर्न पाए भने विगतको भन्दा पनि नीच कर्मतिर लाग्न अनि घमण्ड बढाउनतिर लाग्नेछन् भन्ने कुरामा कुनै शङ्का छैन । चुनावको प्रचारप्रसारमा लागिरहँदा पुराना राजनीतिक दलका उम्मेदवारले नयाँ तथा युवा केन्द्रित राजनीतिक दलका बारेमा पनि विभिन्न रहस्यहरूको पर्दाफास गरिरहेका छन् । यो प्रचारप्रसारले गर्दा आम जनताको मानसमा नयाँ राजनीतिक दलप्रतिको विश्वासमा सङ्कट नआउला भन्न पनि सकिने ठाउँ छैन । पुराना राजनीतिक दलका राजनीतिक अकर्मण्यताका शृंखलाबाट आजित भएका नेपाली जनतालाई नयाँ राजनीतिक दलहरूले आफ्ना पक्षमा पारेर मत प्राप्त गर्नको लागि के-कस्ता प्रयास गर्छन् र कतिको विश्वासमा लिन सक्छन्, तदनुसार जित्ने र हार्ने कुरा आँकलन गर्न सकिन्छ ।

चुनावको मुखतिर समय धस्कँदै जाँदा चुनाव नै नहोला कि भन्ने आशङ्का पनि बढ्न थालेको छ । पूर्वराजाले समेत भाषणमार्फत चुनाव रोक्न आह्वान गर्दै गरेको अवस्था विद्यमान रहेको छ । यदि चुनाव हुन सकेन र पुराना राजनीतिक दलले चाहेनुसारको संसद् पुनर्स्थापना भएको खण्डमा जेनजी पुस्ताको विद्रोह आफैँमा खेर गएको ठहर्छ । झन्डै सात दर्जनको बलिदानीबाट आएको परिवर्तनलाई आत्मसात् गर्न नसक्नेहरुबाटै यसलाई बिथोल्ने काममा अधिक प्रयास भएको वा हुने गरेको पाइन्छ । जेनजी पुस्ताका सपना बिथोलिनु भनेको नै नेपाली जनताका परिवर्तनका चाहनामाथि तुषारापात हुनु हो ।

यी सबै हुनुका पछाडि छोटो समयमा सफल विद्रोह गर्न र आमूल परिवर्तन ल्याउन सक्ने जेनजी पुस्ताको आधिकारिक प्रतिनिधिको अभाव, सफल विद्रोहपछिको स्पष्ट गन्तव्यको अभाव, जेनजी पुस्ताले स्वयं स्वतन्त्र भएर निर्णायक भूमिका सम्हाल्न नसक्नुजस्ता कमजोर पक्षको उपज मान्नुपर्ने हुन्छ । यसै दिशाहीनताको कालखण्डबाट गुज्रँदै गर्दाको समयमा आफ्ना माग पूरा गराउनको लागि प्रधानमन्त्री सुशीला कार्कीलाई दबाब दिएका भए पनि कानुनी प्रक्रियाका बारेमा अनभिज्ञ रहेका कारण उनीहरुको दबाब केवल केटौले तहको दबाब मात्र हुन पुग्यो ।

त्यस्तै केटौले स्तरको दबाब बोकेर शिक्षामन्त्री महावीर पुनलाई दबाब दिन गएको जेनजी पुस्तालाई मन्त्री पुनले नाजवाफ हुने गरी दिएको उत्तरले उनीहरु साँच्चै नाजवाफै भएर फर्कन बाध्य भएका थिए । यसरी धेरैतिरबाट उनीहरू पराजित हुँदै जाँदाको छोटो कालक्रममै पनि जेनजी पुस्ताका युवाहरु निरुत्साहित हुन पुगेका थिए । यस कुराले के देखाउँछ भने, जेनजी पुस्ताका युवाहरू धैर्यशील बनेर अलि लामो समय कुर्न वा टिक्न सक्ने खालका छैनन् । अधैर्यताले गर्दा पनि जेनजी पुस्ताका सपना पूरा गराउने बाटो तय गर्न अवरोध पुग्न सक्ने अनुभूति परिपक्वहरुले गरेका हुन्छन् । जुन अनुभूति भनेको पीडाबोध गराउने, निराशा बढाउने खालका हुन्छन् ।

एउटा नयाँ सोच, जाँगर, उत्साह, उज्यालो भविष्यको चित्र नदेखी कुनै पुस्ता पनि विद्रोहमा लाग्दैन । यदि लागेको खण्डमा उपलब्धिभन्दा गुमाउने कुरा अधिक हुन्छ । जुन विद्रोह पछि गएर असफल राजनीतिक प्रतिशोधको रुपमा रुपान्तरित भई शुरुवाती विद्रोहको कालखण्डमा उपलब्ध भएका महत्वपूर्ण चिजलाई सजिलैजस्तो देखिने गरी तिलाञ्जलि दिन विवश हुनुपरेका घटनाहरु निकै ठाउँका विद्रोहका नजिर को रुपमा स्थापित हुन पुगेका छन् । अबका दिनमा हाम्रो देशको जेनजी पुस्ता पनि कुनै बेग्लै अस्तित्वमा अडिन नसकेर बिस्तारै लाचार बन्दै विगतमा सत्ताको तर मारेर हालिमुहाली मच्चाएका र उच्च अहंताको मानसिकतामा जीवित हुँदै आएका राजनीतिक दलसँग एकाकार बन्न सक्ने दिन नआउला भन्न सकिँदैन । त्यो अवस्था आएपछिका दिनमा जेनजी पुस्ताप्रतिको आम नेपाली जनताको विश्वास एक थोपो पनि बाँकी नरहेर धुलिसात हुनेछ । यो अवस्था यसरी सिर्जना भयो कि जेनजी पुस्ताको सशक्त नेतृत्वको अभावले गर्दा यस्तो भएको हो । यसै विषयलाई लिएर जेनजी समूहको परिचालन काठमाडौं महानगरका मेयर बालेन्द्र शाहले गरेका हुन् भन्नेजस्ता प्रचारप्रसारका कुरा पनि सुन्न र पढ्न पाइयो ।

अबको चुनावबाट पनि सही र निर्दिष्ट दिशानिर्देश गर्न सक्ने नेतृत्व चुनिए हुने थियो भन्ने अपेक्षा आम जनतालगायतका जेनजी समूहको पनि रहेको छ । केही नहुनुको साटो थोरै भए पनि उपलब्धि भयो भने यसलाई अग्रगमनकै संज्ञा दिन सकिन्छ । जेनजी समूहले चाहेजसरी नभए पनि पुराना राजनीतिक दलका गाडिएका पुरानै जरा केही मात्रामा चलायमान भएका मात्र होइन कि चुँडिएका पनि छन् ।

यो चुनावले बाँकी रहेका सबै जरा चुँडाउन सक्ने खालको परिणाम देखाइदिन सकेको खण्डमा जेनजी समूहका अपेक्षामध्येका केही प्रतिशत अपेक्षा त पूरा भएकै मान्नुपर्छ । अर्को छोटो समयमा भएको आमूल परिवर्तन धेरैलाई अपाच्य पनि हुन सक्छ । किनभने त्यस विषयमा मानसिक रुपमा जनमानस अभ्यस्त भइसकेको हुँदैन । नेपालमा १०४ वर्ष लामो अवधिसम्म टिकेर आफ्नै मर्जिअनुसारको शासन चलाउँदै आएको राणाशासन पनि क्रमश: जरा उखेलिँदै गएर पाइला-पाइलामा कमजोर बन्दै जान थाल्यो र अन्त्यमा धराशायी भएरै छाड्यो ।

अहिलेको यो चुनावको माहोललाई हेर्दा र पुराना राजनीतिक दलरुका कर्तुतका कुरा सुन्दा हाम्रो आङ जिरिङ्ग भएर आउँछ । अनि हामी धेरैको दिमागले सोच्न थाल्छ कि ती पुराना राजनीतिक दलहरु सबै खराब थिए, अब जितेर आउने नयाँ अनुहारले सबै राम्रा काम गर्नेछन्, त्यसपछि देशको विकास, सुशासनजस्ता कुरा घोडादौडको गतिमा अगाडि बढ्लान् । त्यसपछि हामी सबै सुखी र समृद्ध हुनेछौँ भन्ने सोचाइ हाम्रो मानसमा आउन सक्छ । तर यो सोचाइको केही थोरै प्रतिशत सही भए पनि धेरै प्रतिशत गलत हुन सक्छ । विजेता बनेर आउनेहरुले देश र जनताका लागि राख्ने विचार वा मानसिक सोच कस्तो छ ? भनेर उनीहरूका भाषणबाट थाहा पाइन्छ भने उनीहरूले गरेका कर्मबाट उनीहरुको क्षमता विचार गरिन्छ ।

विजेता बनेर आएकामध्ये बीस प्रतिशत प्रतिनिधिले देश र जनताका लागि साँचो वा पवित्र मानसले काम गर्न सके, अवरोध आएका स्थानमा विद्रोह गर्न सके भने नेपाली जनताका लागि मात्र होइन कि जेनजी समूहका लागि पुन: दोस्रो आन्दोलन गर्नुपर्ने बाध्यता आउँदैन । यदि जेनजी समूहको त्यो सफल आन्दोलन भदौ २३-२४ मा नभएको हुँदो हो त आजका दिनमा यतिको आशा लाग्दो अवस्था आउने थिएन होला ।

जेनजी समूहले आन्दोलन गर्दै गर्दाका दिनमा देश रफ्तारमा भ्रष्टाचार र बेथितिमा फस्दै थियो, त्यो घटेर जानुको साटो पछि अझै बढेर जानेवाला थियो, त्यसमा केही हदसम्म बिर्को लागेको छ । जेनजी समूहले यसैलाई पनि आन्दोलनको एउटा उपलब्धिको रुपमा लिन सक्नुपर्छ । भन्न खोजिएको कुरा के भने, जेनजी आन्दोलनपछिका कालखण्डमा जति मात्रामा उपलब्धि हात परेको छ, त्यसैमा सन्तुष्ट भएर ढुक्क पर भनिएको चाहिँ किमार्थ होइन । अपेक्षित उपलब्धि हात नपरेसम्म सैर्षको मैदानमा उत्रनु आवश्यक नै हुनेछ । राजनीतिको भीडन्तमा खरो उत्रेर आएको आधिकारिक नेतृत्वको सरकारलाई हो भने जेनजी समूहले बाध्य बनाएर भए पनि आफ्ना माग पूरा गराउन दबाब दिन सक्ने अवस्था हुन्थ्यो । तर अन्तरिम सरकारको नेतृत्व गर्ने प्रधानमन्त्रीले देशलाई अराजक गतिविधिको अवस्थाबाट सामान्य अवस्थामा र सामान्य अवस्थाबाट चुनावी गतिविधिको माध्यमबाट आधिकारिक (जनताको निर्देश पाएको) सरकारलाई सत्ता सुम्पनु नै मुख्य कर्तव्य र सफलता हो भन्ने मान्यता राख्नुपर्ने हुन्छ ।

चुनाव केवल एउटा माध्यम मात्र हो, साध्य होइन । जेनजी समूहकै कोही आधिकारिक ठहरिएका व्यक्तिबाट सुन्न पाइन्छ कि चुनाव हाम्रो माग होइन, तथापि चुनावको वातावरण तयार भइसकेकोले चुनावलाई मान्न हामी तयार भएका मात्र हौं । जेनजी पुस्ताले केवल चुनावमय वातावरण भएकाले चुनावलाई मान्यता दिएको मात्र हो कि चुनावको परिणाम अपेक्षित भएन भने त्यसलाई पनि मान्यता दिने कि नदिने ? भन्ने कुरा आजै निर्क्योल गर्नुपर्छ । नेकपा एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले भनेजसरी नै चुनावमा अपेक्षित परिणाम आयो भने सही आएन भने गलत भन्ने भाष्य सिर्जना हुँदै र लागूसमेत हुँदै गएको छ । नयाँ र उदीयमान शक्तिले पनि उही पुरानै ढर्राका व्यवहार गर्न थाल्छन् भने तिनको भरोसा कतै पनि गर्न सकिने ठाउँ रहँदैन । ठाउँ नरहनुको अर्थ आम जनताको अपेक्षित आशा र भरोसा टुट्दै जानु हो ।

यदि जबरजस्त परिवर्तनको अपेक्षा राखेको हो भने भदौ २३-२४ को आन्दोलनलाई अधुरो ठानेर त्यस अधुरो वा अपुरो कर्मलाई मन, बचन र कर्मले पूरा गर्ने दिशातिर लाग्न तयार हुनुपर्छ । आखिर जे भए पनि चुनावको मुखतिर आएर जेनजी समूहले चुनाव चाहेको थिएन तर अहिलेलाई स्वीकार गरियो भन्नुको वास्तविक अर्थ के हुन्छ ? विगतको नेपालको राजनीति यसै खालको लेते व्यवहारले बिग्रँदै गएर हेर्नै नसकिने कुरुप बन्दै गएको छ । आफैँमा बदनाम बन्दै छ । तर शासकलाई त्यसैभित्रको गन्हाउने फोहोरभित्र लुकेरै भए पनि मस्ती गर्ने रहर जागेर आउन थालेको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# इरान-यूएस तनाव: नेपालमा कस्तो पर्ला भू-राजनीतिक बाछिटा ?

**गणेश अम्गाई**

संयुक्त राज्य अमेरिका र इरान बीचको दशकौं लामो शत्रुता सन् २०२६ को सुरुवातसँगै एक अत्यन्तै डरलाग्दो र निर्णायक मोडमा आइपुगेको छ । यी दुई राष्ट्र बीचको ऐतिहासिक अविश्वासको जरा सन् १९५३ को कूटनीतिक कू र सन् १९७९ को इस्लामिक क्रान्तिसम्म फैलिएको छ, जसले गर्दा आज यो क्षेत्र युद्धको विस्फोटक संघारमा उभिएको छ । हालैका महिनाहरूमा अमेरिकाले मध्यपूर्वका सामरिक जलक्षेत्रहरूमा आफ्ना शक्तिशाली विमानवाहक युद्धपोतहरू तैनाथ गरेर इरानमाथि अधिकतम सैन्य दबाब सिर्जना गरेको छ ।

अर्कोतर्फ, इरानले पनि आफ्ना भूमिगत मिसाइल शहरहरूलाई सक्रिय पार्दै र हर्मुज जलसन्धि जस्ता रणनीतिक मार्गहरू बन्द गर्ने चेतावनी दिएर सम्भावित प्रतिकारको पूर्ण तयारी गरेको देखिन्छ । यो तनाव केवल दुई देशको सिमानामा मात्र सीमित नभएर यसले विश्वव्यापी शक्ति सन्तुलन, ऊर्जा सुरक्षा र अन्तर्राष्ट्रिय कूटनीतिलाई नै गम्भीर चुनौती दिएको छ । यदि यो तनाव युद्धमा परिणत भयो भने यसले आधुनिक इतिहासकै सबैभन्दा विनाशकारी क्षेत्रीय द्वन्द्वको रूप लिने निश्चित छ, जसको पराकम्पबाट विश्वको कुनै पनि कुना अछुतो रहने छैन ।

अमेरिकाले इरानको अर्थतन्त्र र सैन्य क्षमतालाई पूर्ण रूपमा ध्वस्त पार्न बहुआयामिक रणनीतिहरू अवलम्बन गरिरहेको छ । उसले इरानी तेल निर्यातमा कडा प्रतिबन्ध लगाउनुका साथै अन्तर्राष्ट्रिय बैंकिङ प्रणालीबाट इरानलाई अलग गरेर आर्थिक रूपमा गलाउने नीति लिएको छ । सैन्य रूपमा इरानका आणविक केन्द्रहरूमा लक्षित हवाई हमला गर्ने र साइबर प्रविधि मार्फत त्यहाँका पूर्वाधारहरू ठप्प पार्ने प्रयासहरू भइरहेका छन् । साथै, अमेरिकाले इजरायल र अन्य अरब राष्ट्रहरूसँग मिलेर इरान विरोधी एउटा बलियो क्षेत्रीय मोर्चा निर्माण गरेको छ, जसले तेहरानलाई कूटनीतिक रूपमा एक्लो पार्ने काम गरिरहेको छ । अमेरिकाको यो रणनीति इरानभित्रको आन्तरिक असन्तुष्टिलाई उचालेर त्यहाँको शासन व्यवस्था नै परिवर्तन गर्ने लक्ष्यमा केन्द्रित देखिन्छ । यसका लागि उसले गुप्तचर निकायहरू र मनोवैज्ञानिक युद्धको समेत भरपूर प्रयोग गरिरहेको छ, जसले गर्दा इरानी नेतृत्व माथि चौतर्फी दबाब सिर्जना भएको छ । इरानले पनि अमेरिकी दबाबका विरुद्ध आफ्नो अस्तित्व रक्षाका लागि अत्यन्तै चलाख र आक्रामक प्रतिरक्षात्मक संयन्त्रहरू तयार पारेको छ । उसले मध्यपूर्वमा आफ्ना सहयोगी लडाकु समूहहरूको एउटा विशाल सञ्जाल निर्माण गरेको छ, जसलाई प्रतिरोधको अक्ष भनिन्छ । यदि इरान माथि प्रत्यक्ष आक्रमण भएमा यी समूहहरूले विभिन्न देशहरूबाट अमेरिकी र इजरायली सैन्य आधारहरू माथि भीषण हमला गर्ने क्षमता राख्छन् । इरानसँग मध्यपूर्वमै सबैभन्दा ठूलो ब्यालिस्टिक मिसाइल र अत्याधुनिक ड्रोनहरूको भण्डार छ, जसलाई उसले पहाड मुनिका सुरक्षित सुरुङहरूमा लुकाएर राखेको छ । हर्मुज जलसन्धिमा उसको नियन्त्रण हुनु नै उसको सबैभन्दा ठूलो सामरिक शक्ति हो, किनकि यस मार्गबाट हुने तेल आपूर्ति रोकिने बित्तिकै विश्व अर्थतन्त्रमा हाहाकार मच्चिनेछ । इरानले रूस र चीनसँगको रणनीतिक साझेदारीलाई बलियो बनाएर अमेरिकी प्रतिबन्धहरूलाई समेत चुनौती दिइरहेको छ, जसले गर्दा ऊ पूर्ण रूपमा झुक्ने अवस्थामा देखिँदैन ।

यो द्वन्द्वमा विश्वका प्रमुख शक्ति राष्ट्रहरूको भूमिकाले युद्धको दिशा र परिणामलाई निर्धारण गर्नेछ । रूस र चीनले इरानलाई प्रत्यक्ष सैन्य सहयोग नगरे पनि अत्याधुनिक हतियार आपूर्ति र कूटनीतिक ढाल बनेर सहयोग गरिरहेका छन् । संयुक्त राष्ट्रसंघमा अमेरिकाले ल्याउने कडा प्रस्तावहरूलाई भिटो प्रयोग गरेर रोक्ने र इरानको तेल किनेर उसको अर्थतन्त्रलाई टेको दिने काम चीनले गरिरहेको छ । रूसले आफ्ना सैन्य सल्लाहकारहरू र गुप्तचर सूचनाहरू इरानलाई उपलब्ध गराएर अमेरिकी रणनीतिको प्रतिकार गरिरहेको छ । यस्तो अवस्थामा यो द्वन्द्व विस्तारै विश्वका ठूला शक्तिहरू बीचको अप्रत्यक्ष युद्धमा परिणत हुने खतरा बढेको छ । रूस र चीनको संलग्नताले अमेरिकालाई इरानमाथि सहजै सैन्य विजय प्राप्त गर्न असम्भव तुल्याएको छ, जसका कारण यो संकट झनै जटिल र समाधानविहीन बन्दै गइरहेको छ ।

इजरायल यस युद्धमा अमेरिकाको सबैभन्दा सक्रिय र मुख्य साझेदारका रूपमा उभिएको छ । इरानको आणविक कार्यक्रमलाई आफ्नो अस्तित्वको लागि खतरा मान्ने इजरायलले इरानी आणविक केन्द्रहरूमा प्रत्यक्ष हवाई हमला गर्ने र त्यहाँका वैज्ञानिकहरूलाई लक्षित गरी जासुसी कारबाही गर्ने रणनीति लिएको छ । इजरायलको अत्याधुनिक मिसाइल प्रतिरक्षा प्रणाली र जासुसी संयन्त्र मोसादले अमेरिकी सेनालाई प्रत्यक्ष सहयोग पुऱ्याइरहेका छन् । अर्कोतर्फ, साउदी अरब र संयुक्त अरब इमिरेट्स जस्ता मुस्लिम राष्ट्रहरू दोहोरो दबाबमा छन् । उनीहरू इरानको क्षेत्रीय प्रभाव घटाउन चाहन्छन् तर युद्ध भएमा आफ्नै भूमि इरानी मिसाइलको निशाना बन्ने डरले उनीहरू खुल्ला रूपमा युद्धको पक्षमा उभिन हिचकिचाइरहेका छन् । कतार र ओमान जस्ता राष्ट्रहरूले भने दुवै पक्षबीच मध्यस्थता गरेर युद्ध रोक्ने प्रयास गरिरहेका छन्, जसले मध्यपूर्वमा एउटा कूटनीतिक सन्तुलन कायम राख्न मद्दत गरिरहेको छ ।

यदि यो तनाव युद्धमा परिणत भयो भने विश्वले अभूतपूर्व आर्थिक र सुरक्षा चुनौतीहरूको सामना गर्नुपर्नेछ । हर्मुज जलसन्धि बन्द हुँदा विश्व बजारमा तेलको मूल्य आकाशिनेछ, जसले गर्दा हरेक राष्ट्रमा महँगी र आर्थिक मन्दीको लहर छाउनेछ । यातायात, ढुवानी र उत्पादन लागत बढ्दा न्यून आय भएका देशहरूको अर्थतन्त्र पूर्ण रूपमा धरासायी हुन सक्छ । साइबर युद्धले अन्तर्राष्ट्रिय बैंकिङ प्रणाली, विद्युत् सेवा र सञ्चार सञ्जाललाई अस्तव्यस्त बनाइदिने खतरा छ । युद्धका कारण लाखौंको संख्यामा विस्थापित हुने शरणार्थीहरूको व्यवस्थापन छिमेकी देश र युरोपका लागि ठूलो बोझ बन्नेछ । यस द्वन्द्वले विश्वव्यापी आपूर्ति प्रणालीलाई छिन्नभिन्न बनाउनेछ, जसले गर्दा खाद्यान्न र औषधिको चरम अभाव हुन सक्छ । यस्तो परिस्थितिमा विश्वले फेरि एकपटक एउटा ठूलो मानवीय संकटको सामना गर्नुपर्ने निश्चित छ । नेपाल जस्तो वैदेशिक रोजगारी र रेमिट्यान्समा निर्भर देशका लागि यो युद्ध एक विनाशकारी भूकम्प जस्तै हुनेछ । मध्यपूर्वका विभिन्न देशहरूमा कार्यरत करिब २० लाखभन्दा बढी नेपाली श्रमिकहरूको सुरक्षा र जीवन सबैभन्दा ठूलो चिन्ताको विषय बन्नेछ । युद्ध फैलिएमा उनीहरूको कार्यक्षेत्र असुरक्षित हुने र उनीहरूलाई स्वदेश फर्काउनुपर्ने बाध्यता आइपर्नेछ । यसले नेपाल भित्रिने रेमिट्यान्सको प्रवाहलाई ठप्प बनाउनेछ, जुन नेपालको विदेशी मुद्रा सञ्चितिको मुख्य स्रोत हो । रेमिट्यान्स रोकिने बित्तिकै नेपालको अर्थतन्त्रमा गम्भीर संकट उत्पन्न हुने र बेरोजगारीको समस्या विकराल बन्ने देखिन्छ । नेपालले आफ्ना नागरिकको सुरक्षा र उद्धारका लागि अहिलेदेखि नै ठोस कार्ययोजना र संकटकालीन कोषको व्यवस्था गर्न ढिलाइ गर्नुहुँदैन, अन्यथा यो संकटले सामाजिक अस्थिरता समेत निम्त्याउन सक्छ ।

आर्थिक प्रभावका अतिरिक्त नेपालमा इन्धनको संकट र महँगीले जनजीवनलाई अत्यन्त कष्टकर बनाउनेछ । नेपाल पूर्ण रूपमा आयातित पेट्रोलियम पदार्थमा निर्भर रहेकाले अन्तर्राष्ट्रिय बजारमा हुने तेलको मूल्य वृद्धिले सिधै उपभोक्ताको खल्तीमा असर पार्नेछ । पेट्रोल, डिजल र खाना पकाउने ग्यासको अभावले यातायात प्रणाली र भान्साको लागत दोब्बर बनाइदिनेछ । यसले गर्दा खाद्यान्न लगायतका अत्यावश्यक वस्तुहरूको मूल्य अत्यधिक बढ्नेछ । नेपालले यो संकटबाट बच्न जलविद्युतको प्रयोगलाई व्यापक बनाउने र विद्युतीय सवारी साधनहरूलाई युद्धस्तरमा प्रोत्साहन गर्ने नीति लिनुपर्छ । साथै, राष्ट्रिय खाद्य भण्डारणलाई सुदृढ बनाउँदै आत्मनिर्भर अर्थतन्त्रको दिशामा कदम चाल्नु अबको अनिवार्य आवश्यकता बनेको छ । इन्धनमाथिको परनिर्भरता घटाउनु नै नेपालका लागि यस्ता बाह्य संकटहरूबाट जोगिने एक मात्र दीर्घकालीन उपाय हो ।

कूटनीतिक रूपमा नेपालले यस द्वन्द्वमा अत्यन्तै सन्तुलित र तटस्थ भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । नेपालको असंलग्न परराष्ट्र नीतिलाई पालना गर्दै कुनै पनि शक्ति राष्ट्रको पक्ष नलिई शान्तिपूर्ण वार्ताको पक्षमा आवाज उठाउनु बुद्धिमानी हुनेछ । भारत र चीनको भूमिकाले पनि नेपालको सुरक्षा र आपूर्ति व्यवस्थामा प्रत्यक्ष असर पार्ने हुनाले यी दुवै छिमेकीसँग निरन्तर संवादमा रहनुपर्छ । युद्धको समयमा फैलिने भ्रमपूर्ण समाचार र साइबर सुरक्षाका चुनौतीहरूलाई सामना गर्न सरकारी संयन्त्रहरूलाई चुस्त र दुरुस्त राख्नुपर्छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा युद्धभन्दा संवादको मार्ग रोज्न आह्वान गर्दै आफ्नो सार्वभौमसत्ता र राष्ट्रिय हितको रक्षा गर्नुपर्छ । साना राष्ट्रहरूका लागि यस्ता ठूला द्वन्द्वहरूमा तटस्थता र कूटनीतिक चातुर्यता नै सबैभन्दा ठूलो सुरक्षाकवच साबित हुन सक्छ ।

अन्त्यमा, अमेरिका र इरान बीचको यो तनावले विश्वलाई एक अनिश्चित भविष्यतर्फ धकेलिरहेको छ । यो केवल दुई राष्ट्रको शक्ति प्रदर्शन मात्र नभएर मानव सभ्यता र विश्व शान्तिको लागि एउटा ठूलो चुनौती हो । युद्धले कसैको पनि भलो गर्दैन र यसको मार अन्तत: सर्वसाधारण जनतामा नै पर्नेछ । विश्व समुदायले अझै पनि कूटनीतिक माध्यमबाट यो संकट टार्न सक्ने सम्भावनाहरू बाँकी नै छन्, जसका लागि इमानदार र निष्पक्ष वार्ताको आवश्यकता छ । नेपाल जस्ता राष्ट्रहरूले आफ्नो आन्तरिक तयारीलाई बलियो बनाउँदै सम्भावित जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्नुपर्छ । इन्धनको वैकल्पिक स्रोतको खोजी, नागरिकको सुरक्षा र आर्थिक विविधीकरण नै आजको मुख्य प्राथमिकता हुनुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# खाडीमा नेपाली श्रमिकको चित्कार: भोलि के हुन्छ ? कसरी गुजारा चलाउने ?



काठमाडौं/इजरायल र अमेरिकाले इरानमाथि संयुक्त आक्रमण गरेपछि क्षेत्रीय तनाव तीव्र बनेको छ । त्यसको जवाफमा इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी तथा इजरायली सैन्य संरचना लक्षित गर्दै प्रहार थालेको छ । यसले समग्र खाडी क्षेत्र अस्थिर बन्दै जाँदा त्यहाँ कार्यरत लाखौं आप्रवासी श्रमिक, विशेषत: नेपाली समुदाय, असमञ्जस र त्रासमा परेका छन् ।

खाडी मुलुकहरूमा करिब २० लाख नेपाली श्रमिक कार्यरत रहेको अनुमान छ । युनाइटेड अरब इमिरेट्स (यूएई), कतार, साउदी अरब, कुवेत लगायत देशमा रहेका नेपाली अहिले 'अब के हुन्छ ?' भन्ने प्रश्नले बढी सताइएका छन् । युद्ध थप चर्किने हो कि भन्ने आशंकाले उनीहरूको चिन्ता बढेको छ । यूएई र कतारमा रहेका नेपालीका अनुसार पछिल्ला दिनमा सुरक्षा सतर्कता उल्लेखनीय बढाइएको छ । केही स्थानमा श्रमिकलाई अस्थायी रूपमा कामबाट बिदा दिइएको छ भने स्थानीय प्रशासनले घरभित्रै सुरक्षित बस्न निर्देशन दिएको छ ।

'हामीलाई काममा नजान भनिएको छ, अहिले घरमै बसिरहेका छौं,' यूएईमा कार्यरत एक नेपालीले टेलिफोनमा संचारकर्मीसँग भने, 'अहिलेसम्म बाहिर सामाजिक सञ्जालमा देखिएजस्तो अवस्था छैन, तर भविष्यबारे डर लागिरहेको छ ।' कतारमा कार्यरत अर्का एक नेपालीका अनुसार मोबाइल फोनमार्फत नियमित रूपमा चेतावनी सन्देश र साइरन बज्ने सूचना आइरहेको छ । साइरन बजेपछि सुरक्षित स्थानमा बस्न र बाहिर ननिस्किन निर्देशन दिइएको उनले बताए ।

यूएईमा पनि सुरक्षा सतर्कता बढाइएको छ र सम्भावित जोखिम ध्यानमा राख्दै जनतालाई बाहिर ननिस्कन आग्रह गरिएको छ । तनाव बढेसँगै अफवाह र भ्रामक सूचनाको जोखिम पनि बढेको छ । यूएई सरकारले सामाजिक सञ्जालमा अपुष्ट सूचना, फोटो वा भिडियो नफैलाउन स्पष्ट चेतावनी दिएको छ । यस्ता गतिविधि स्थानीय कानुन अनुसार दण्डनीय हुन सक्ने बताइएको छ । विशेषगरी मिसाइल प्रहार लक्षित क्षेत्रभन्दा अन्यत्र खस्ने सम्भावनाले सर्वसाधारणमा त्रास बढाएको छ । त्यसैले उच्च सतर्कता अपनाउन र आधिकारिक सूचनामात्र विश्वास गर्न आग्रह गरिएको छ ।

यसबीच यूएईस्थित नेपाली दूतावासले 'एडभाइजरी-२' जारी गर्दै त्यहाँ रहेका सम्पूर्ण नेपाली समुदायलाई संयमित र जिम्मेवार बन्न अपिल गरेको छ । दूतावासले सामाजिक सञ्जाल वा अन्य माध्यमबाट अपुष्ट र भ्रामक सामग्री सेयर नगर्न तथा अज्ञात स्रोतबाट आएका सूचना प्रसारण नगर्न अनुरोध गरेको हो । यसअघि पनि दूतावासले अनावश्यक यात्रा नगर्न र उच्च सुरक्षा सतर्कता अपनाउन सुझाव दिएको थियो ।

दूतावासले जारी गरेको सूचनामा स्थानीय प्रशासनले अफवाह फैलाउने गतिविधिलाई कानुनी कारबाहीको दायरामा ल्याउने चेतावनी दिइसकेको उल्लेख छ । त्यसैले त्यहाँ रहेका नेपालीलाई स्थानीय कानुनको पूर्णपालना गर्न र आधिकारिक निकायबाट जारी सूचनामात्र अनुशरण गर्न आग्रह गरिएको छ । यूएई, कतार, साउदी अरब, इजरायल, कुवेतस्थित नेपाली राजदूतावासहरूले सार्वजनिक सूचना जारी गर्दै सचेत तथा सुरक्षित रहन अनुरोध गरेका छन् ।

युद्ध लम्बिए रोजगारी र दैनिक जीवनमा असर पर्ने चिन्ता पनि उत्तिकै छ । 'केही दिन बिदा दिइयो भने ठिकै छ, तर अवस्था लम्बिए कोठामै बसेर कसरी गुजारा चलाउने ?,' एक श्रमिकले प्रश्न गरे । काम ठप्प भए आम्दानी रोकिने र खाद्यान्न व्यवस्थापन जस्ता आधारभूत समस्या उत्पन्न हुन सक्ने उनीहरूको भनाइ छ । हालसम्म खाडी मुलुकमा रहेका नेपाली प्रत्यक्ष सुरक्षित रहे पनि क्षेत्रीय द्वन्द्वले सिर्जना गरेको अनिश्चितताले उनीहरूमा मनोवैज्ञानिक दबाब बढाएको छ ।

### पूर्वतयारी नगर्ने पुरानै कमजोरी दोहोरिनु हुँदैन : आप्रवासन विज्ञ

खाडी राष्ट्रहरूमा ठूलो संख्यामा नेपाली श्रमिक कार्यरत रहेकाले उनीहरूको सुरक्षा, सूचना पहुँच र सम्भावित उद्धार तयारीबारे नेपालमा समेत चासो बढेको छ । श्रम आप्रवासन विज्ञ डा. जीवन बानियाँले राज्यले तत्काल बहुआयामिक पूर्वतयारी गर्नुपर्ने आवश्यकता औंल्याए । जहिले समस्या आएपछि मात्रै जाग्ने प्रवृत्ति दोहोरिन नहुनेमा उनको जोड छ ।

नेपालले विगतका द्वन्द्व र संकटका समयमा भोगेको अनुभवबाट सिकेर अग्रिम तयारी गर्नुपर्ने उनले बताए । 'हामीले विगतमा पनि यस्ता अनुभव भोगिसकेका छौं, अहिले त प्रत्यक्ष रूपमा प्रभावित हुने अवस्था देखिएको छ तर समस्या देखिएपछि मात्रै सक्रिय हुने हाम्रो प्रवृत्ति पुरानै हो,' उनले भने, 'पूर्वतयारीका काम नियमित गरिएन भने संकट गहिरिँदा व्यवस्थापन कठिन हुन्छ ।' सबैभन्दा पहिला खाडी क्षेत्रका कुन-कुन देश, सहर र कार्यस्थलमा कति नेपाली छन् भन्ने अद्यावधिक विवरण राज्यसँग हुनुपर्ने उनको भनाइ छ ।

'हामीसँग सही तथ्यांक र सम्पर्क नम्बर नै स्पष्ट छैन भने संकटका बेला सूचना सम्प्रेषण र समन्वय कसरी हुन्छ ?,' उनले प्रश्न गरे । संकटकालीन अवस्थामा अफवाहभन्दा सही सूचना महत्त्वपूर्ण हुने भन्दै डा. बाँनियाले नियमित 'अपडेट' आवश्यक रहेको बताए । 'अवस्था के छ, जोखिम कति छ, के गर्नुपर्छ र के गर्न हुँदैन, यी सबै कुरा चरणबद्ध रूपमा श्रमिकसम्म पुऱ्याउनुपर्छ,' उनले भने ।

खाडीमा रहेका नेपालीमध्ये ठूलो हिस्सा नेपाली भाषा राम्रोसँग नबुझ्ने युवा पनि रहेको बताउँदै उनले सूचना जारी गर्दा मैथिली, भोजपुरी जस्ता भाषामा पनि सूचना दिनुपर्ने बताए । संकट व्यवस्थापनमा प्रवासी नेपाली समुदाय (डायस्पोरा) को भूमिका महत्त्वपूर्ण हुने उनको भनाइ छ । डायस्पोराका अगुवाहरू छिटो अपडेट हुने र श्रमिकसम्म पुग्न सक्ने अवस्थामा हुने भएकाले उनीहरूलाई परिचालन गर्न सकियो भने सूचना र सहयोग दुवै छिटो पुग्ने बताए ।

द्वन्द्व चर्किंदै गयो भने घाइते वा मृत्युसम्मका घटना हुन सक्ने जोखिमलाई नकार्न नसकिने उनले बताए । त्यस्तो अवस्थामा उद्धार र मानवीय सहायता अपरिहार्य हुने भएकाले उद्धार गर्नुपर्‍यो भने फ्लाइट समन्वय, गन्तव्य देशसँग कूटनीतिक पहल, अन्तर्राष्ट्रिय उडान व्यवस्थापन सबै तयारी चाहिने बताए । नेपालसँग ठूलो मात्रामा एकैचोटि उद्धार गर्न पर्याप्त जहाज क्षमता नरहेको बताउँदै विगतमा जस्तै कहिलेकाहीं भारत, बंगलादेश लगायत देशको समेत सहयोग लिन सकिने बताए । यसका लागि निरन्तर कूटनीतिक संवाद मार्फत अघि बढाउनुपर्ने उनको भनाइ छ ।

हालै अन्तर्राष्ट्रिय उडान अवरुद्ध हुँदा नेपालमै उड्न तयारी अवस्थामा रहेका केही श्रमिक अलपत्र परेको उदाहरण उल्लेख गर्दै उनले वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोष प्रयोग गर्नुपर्ने बताए । 'टिकट एक्स्टेन्ड गर्ने, आवासको व्यवस्था गर्ने वा आवश्यक परे घर फर्काउने यी सबैमा बोर्डको कोष उपयोग गर्न सकिन्छ,' उनले भने । कतिपय खाडी देशमा लागु 'एक्जिट भिसा' प्रणाली उद्धार प्रक्रियामा अवरोध बन्न सक्ने उनले बताए । त्यो नीतिगत बाध्यता भएकाले सम्बन्धित देशसँग निरन्तर संवाद गरेर सहजीकरण गर्नुपर्नेमा जोड दिए ।

डा. बानियाँका अनुसार यस्तो संकटले नेपाललाई श्रम आप्रवासन व्यवस्थापनको संरचनागत कमजोरी सुधार्ने अवसर पनि दिन्छ । 'जोखिम आकलन, तथ्यांक अद्यावधिक, बहुभाषिक सूचना प्रणाली, डायस्पोरा समन्वय र कूटनीतिक तयारी, यी सबैलाई संस्थागत बनाउन सके भविष्यका संकट सहज हुन्छन्,' उनले भने ।

### सरकारको तयारी

मध्यपूर्वमा बढ्दो तनावपछि नेपाल सरकारले आवश्यक तयारी अघि बढाएको जनाएको छ । सरकारले खाडी मुलुकहरूमा जाने श्रमिकका लागि श्रम स्वीकृति दिन स्थगित गरेको छ । मध्यपूर्वमा इजरायल, अमेरिका र इरानबीच युद्धका कारण उत्पन्न परिस्थिति मध्यनजर गर्दै सरकारले श्रम स्वीकृति प्रदान गर्न स्थगित गरेको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले हाल चार वटा काम अघि बढाएको बताए । तत्कालका लागि श्रम स्वीकृति दिने कार्य स्थगित गरिएको उनको भनाइ छ । मन्त्री भण्डारीले अर्को सूचना जारी नभएसम्म वैदेशिक रोजगारीमा जानेका लागि सम्पूर्ण श्रम स्वीकृति प्रदानको कार्य स्थगित गरिएको बताए ।

त्यस्तै सम्बन्धित देशमा जान विमानस्थलमा बसेका मानिसलाई फर्केर आफ्नो घर जान अनुरोध गरिएको छ । बढ्दो तनावबीच ती देशमा सुरक्षा सतर्कता बढेको भन्दै सरकारले विमानस्थलमा रहेका नेपालीलाई घर फर्किन अनुरोध गरेको हो । त्यस्तै श्रम मन्त्रालयमा रहेको कल सेन्टर चौबिसै घण्टा तयारी अवस्थामा राखिएको मन्त्री भण्डारीले बताए ।

सरकारले तनाव बढ्दै गएको खण्डमा नेपालीको उद्धार गर्नुपर्ने अवस्था आएको खण्डमा त्यसका लागि समेत तयारी अवस्थामा रहेको जनाएको छ । 'परिस्थिति के कसरी विकसित हुन्छ, त्यो विकसित हुने घटनाक्रमका आधारमा भोलि-पर्सि गएर उद्धार गर्नुपर्‍यो भने त्यसका लागि पनि योजनाहरू बनाउने काम गरिराखेका छौं,' मन्त्री भण्डारीले भने ।

*(स्रोत: अनलाइनखबर)*

# यौनकर्मीको कथामा बनेको 'लालिमा'को ट्रेलर रिलिज





काठमाडौं/तीन हजार भन्दा बढी यौनकर्मी महिलाको अनुभवमा आधारित फिल्म 'लालिमा'को ट्रेलर सार्वजनिक गरिएको छ । झन्डै तीन मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तु र केन्द्रीय द्वन्द्वबारे संक्षिप्तमा प्रकाश पारेको छ । अभिनेत्री रोश्नी कार्कीलाई केन्द्रमा राखिएको ट्रेलरमा उनको पारिवारिक उतारचढाव र यौनकर्ममा लागेपछि भोगेका समस्यालाई मर्मस्पर्शी रुपमा देखाइएको छ ।

कोठाभित्र त्रसित अवस्थामा रहेकी रोश्नीलाई चित्रित गर्दै सुरु भएको ट्रेलर प्लास्टिकभित्र उनी छट्पटाइरहेको दृश्यसँगै सकिएको छ । त्यसबीचमा उनको पारिवारिक समस्या, कुनै बाध्यताले यौनकर्ममा लागेपछि भोग्नुपरेका कठिनाइ, प्रेम जीवन र भावनात्मक उतार चढावलाई प्रस्तुत गरिएको छ । ट्रेलर हेर्दा निर्देशकले प्रतीकात्मक दृश्यमार्फत पनि कथा भन्ने प्रयास गरेको देखिन्छ ।

फागुन २९ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्ममा रोशनीसहित शिशिर वाङ्देल, जीवन भट्टराई, उषा रजक, सुष्मा निरौला, सबिन कट्टेल, घनश्याम जोशी लगायतका कलाकारहरूको अभिनय देखन सकिनेछ । रोशन मिराजको लेखन तथा निर्देशन रहेको फिल्मलाई फेथ आस्था र एम्पिफाई चेन्जले निर्माण गरेका हुन् । फिल्मको कार्यकारी निर्मातामा रीना लामा छिन् ।

निर्देशक मिराजले फिल्मको कथा लालिमा पात्रको कठिनपूर्ण यात्रामा आधारित रहेको बताएका छन् । उनी भन्छन्, 'एक घटनाले लालिमाकी आमा कारागार पुग्छिन् । आमालाई त्यहाँबाट मुक्त गराउने क्रममा उनी सहरको कठोर र अँध्यारोतर्फ धकेलिन्छिन् । त्यसपछि शारीरिक र मानसिक पीडाबीच उनी कसरी बाँच्न बाध्य हुन्छिन् भन्ने कथा फिल्ममा छ ।'

# निर्माणको २ वर्षपछि प्रियंकाले युट्युबमा रिलिज गरिन् 'टाँक'



काठमाडौं/अभिनेत्री प्रियंका कार्की अभिनय र निर्माण दुवै विधामा सक्रिय छन् । कोरोना महामारीभन्दा अघि वेब सिरिज 'जस्ट एनदर लभ स्टोरी' निर्माण गरेकी उनले २ वर्षअघि सर्ट फिल्म 'टाँक' पनि बनाएकी थिइन् । केही अन्तर्राष्ट्रिय फेस्टिभलमा स्क्रिनिङ गरेपछि यो फिल्मलाई गत शुक्रबार युट्युबमा रिलिज गरिएको छ । प्रियंकाले आफ्नो जन्मदिनमा फिल्म रिलिज गरेकी हुन् ।

साम्तेन भुटियाको निर्देशनमा बनेको यो फिल्म १४ मिनेट ४४ सेकेण्ड लामो छ । यसमा प्रियंका स्वयंले अभिनय गरेकी छन् । सुदूरपश्चिमेली लवजमा प्रस्तुत भएकी उनले आमाको भूमिका निभाएकी छन् । अझै पनि तुइनको सहारामा नदी वारपार गर्नुपर्ने नेपालीहरूको बाध्यतालाई चित्रण गर्दै फिल्मले एक आमा-छोराको कथा भनेको छ । फिल्ममा प्रियंकाको अभिनय जीवन्त लाग्छ ।

युट्युबमा फिल्म रिलिज भएसँगै दर्शकबाट सकारात्मक प्रतिक्रियाको ओइरो लागेको छ । प्राय:ले प्रियंकाको अभिनयको खुलेर प्रशंसा गरेका छन् । कतिपयले उनको अहिलेसम्मकै उत्कृष्ट अभिनय भनेका छन् । फिल्मको कथा पनि उत्तिकै रुचाइएको छ । क्लाइमेक्सको ट्विस्ट र सन्तानप्रति आमाको प्रेमले स्तब्ध बनाएको प्रतिक्रिया पनि धेरै देख्न सकिन्छ ।

प्रियंकाले पहिलो पटक कथा सुन्दा नै आफूले यो फिल्म बनाउने निर्णय गरेको बताएकी छन् । उनले फेसबुकमा लेखेकी छन्, 'यो हाम्रो लागि विशेष छ, किनभने यो आयंका फिल्म्सको पहिलो उत्पादन हो । हाम्रा प्रोड्युसरहरू र विशेषगरी लेखक-निर्देशक साम्तेनलाई धन्यवाद । मैले पहिलो पटक कथा सुन्दा नै तत्काल महसुस गरेको थिएँ कि हामीले यो फिल्म बनाउनु पर्छ ।'

प्रियंका र उनका श्रीमान् आयुष्मान देशराज जोशी कार्यकारी निर्माता रहेको यस फिल्ममा प्रियंकासहित रोयल केसी, एलेक्स केसी, अरुण रेग्मी, घनश्याम जोशी, रेनु योगी लगायतका कलाकारहरूको अभिनय देख्न सकिन्छ । निर्देशक भुटिया स्वयंको लेखन तथा सम्पादन रहेको 'टाँक'लाई आयुष्मानले छायांकन गरेका हुन् ।

# संकटमा राजेश हमाल : 'नरसिंहा अवतार' न 'प्रवासी जीवन' चल्यो

काठमाडौं/कुनै समय अभिनेता राजेश हमालको टाउको पोस्टरमा राखेको भरमा मात्रै पनि फिल्म सुपरहिट हुन्छ भन्ने गरिन्थ्यो । यसरी केही फिल्म चलेका पनि थिए । तर, समय सधैं एकैनास कहाँ हुन्छ र ? करिअरको उत्कर्षमा रहँदा सफलताको चरम सुखभोग गरेका उनका लागि पछिल्लो समय फिल्मको सफलता एकादेशको कथा जस्तै बनेको छ ।

विगत एक दशकयता उनका कुनै फिल्म सफल हुन सकेका छैनन् । सन् २०१६ मा प्रदर्शन भएको फिल्म 'सकुन्तला'को असफतापछि उनले ८ वर्ष अभिनयबाट विश्राम नै लिएका थिए । तर, लामो विश्रामपछि उनले अभिनय गरेको फिल्म 'नरसिंहा अवतार' र हाल प्रदर्शनरत फिल्म 'प्रवासी जीवन' पनि असफल भएपछि अब उनको युग सकिएको टिप्पणी हुन थालेको छ ।

'नरसिंहा अवतार'ले बक्स अफिसमा २ करोड हाराहारीको व्यापार गरेको थियो । 'प्रवासी जीवन'को व्यापार भने २ लाख पनि नपुग्ने देखिन्छ । गत शुक्रबारबाट प्रदर्शनमा आएको यो फिल्मले आइतबारसम्म देशव्यापी ५ प्रतिशत अकुपेन्सी पनि हासिल गर्न सकेको छैन । फिल्मका धेरैजसो शो दर्शक अभावले रद्द भएपछि आइतबारबाट प्राय: हलले फिल्मलाई उतारिसकेका छन् ।

यो फिल्ममा हमालले मनोचिकित्सकको भूमिका निभाएका छन् । यसमा उनको मुख्य भूमिका भने छैन । तर, फिल्मका निर्माता-निर्देशकले उनलाई मुख्य कलाकार भन्दा बढी महत्त्व दिएर हरेक प्रचार सामग्रीमा अटाएका थिए । हमाल आफैं पनि फिल्मको प्रचारमा सक्रिय भएर लागेका थिए । तर, दर्शकले उनको फिल्मप्रति रुचि नै देखाएनन् ।

# मल आपूर्तिमा सुधार, सरकार भन्छ- रोपाइँमा अभाव हुँदैन

काठमाडौं/हरेक वर्ष किसानले भोग्दै आएको रासायनिक मल अभाव र सास्ती यस वर्ष भने कम हुने सरकारले दाबी गरेको छ । सरकारी प्रयास र निरन्तर सहजीकरणले चालु आर्थिक वर्ष मल आपूर्ति र वितरण प्रणालीमा व्यापक सुधार देखिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले दाबी गरेको छ ।

ढुवानी प्रक्रिया सहज बनाइनुका साथै वितरण प्रणाली चुस्त बनाउँदा किसानको खेतसम्म मल पुग्ने प्रक्रिया विगतभन्दा निकै प्रभावकारी बनेको र मलको दैनिक प्रवाह दोब्बरभन्दा बढी रहेको मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ तथा सूचना अधिकारी महानन्द जोशीले बताए । चालु आर्थिक वर्ष २०८२/८३ फागुन पहिलो सातासम्म ३ लाख ९० हजार टन बढी रासायनिक मल किसानसम्म पुगिसकेको हुँदा बर्खे धानको ब्याड राख्नसमेत पुग्ने मन्त्रालयको दाबी छ । विगतमा जस्तो प्रक्रियागत ढिलासुस्ती र अवरोध यस वर्ष नरहेको मन्त्रालयका सूचना अधिकारी जोशीको भनाइ छ । उनका अनुसार भारतको कोलकाता र विशाखापटनम बन्दरगाहबाट मल ढुवानीको काम अत्यन्तै छिटो र सहज रूपमा भइरहेको छ ।

'विगतमा जस्तो प्रक्रियागत ढिलाइ अहिले छैन,' सूचना अधिकारी जोशीले भने, 'जसले गर्दा मल आपूर्ति निरन्तर भइरहेको छ ।' आपूर्ति सहज भएसँगै वितरण प्रणालीमा पनि उल्लेखनीय सुधार आएको उनले बताए । विगतमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनका डिपोबाट दैनिक करिब २ हजार टन मात्रै मल वितरण हुने गरेकामा हाल यो परिमाण बढेर दैनिक ४ देखि ५ हजार टन पुगेको छ । 'मलको प्रवाह (फ्लो) बढेकाले किसानले समयमै पाउन थालेका छन्,' उनले भने, 'यसले गर्दा विगतमा जस्तो किसानले मल नपाएर गुनासो गर्नुपर्ने अवस्था छैन ।'

अन्तर्राष्ट्रिय बजारमा मलको मूल्य बढेका कारण चालु आर्थिक वर्षका लागि विनियोजन गरेको बजेट अपुग भएपछि मन्त्रालयले थप रकमका लागि अर्थ मन्त्रालयसँग आग्रह गरेको छ । सूचना अधिकारी जोशीका अनुसार आगामी आवका लागि चाहिने मल ल्याउन स्रोत सहमति अनुसार ठेक्का प्रक्रिया अगाडि बढिसकेको छ । यदि उक्त मल साउन महिना ( आगामी आर्थिक वर्ष) मा आइपुगे त्यसको भुक्तानी अर्को वर्षको बजेटबाट गर्न सकिने हुँदा केही सहज हुने मन्त्रालयको अपेक्षा छ । कृषि मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठका अनुसार वैज्ञानिक र प्राविधिक हिसाबले आवश्यकता धेरै देखिए पनि व्यावहारिक रूपमा ९ लाख टन मलले मुलुकको माग धान्न सक्ने देखिन्छ ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले माटोको स्वास्थ्य र बालीको उत्पादकत्वका आधारमा गरेको सिफारिस मान्ने हो भने नेपाललाई वार्षिक १७ लाख ३७ हजार टन रासायनिक मल आवश्यक पर्ने नयाँ तथ्यांक आएको उनले बताए । 'हामीले लामो समय लगाएर हिसाब निकाल्यौं, नार्कको सिफारिस अनुसार १७ लाख ३७ हजार टन चाहिन्छ,' सहसचिव श्रेष्ठले भन्ने, 'तर, सबैले सिफारिस अनुसार मल हाल्दैनन्, पहाडी र हिमाली भेगमा मल प्रयोग निकै कम छ, विशेषगरी गण्डकी र कर्णाली प्रदेशमा खपत दर न्यून छ ।'

यी सबै पक्ष र पछिल्लो कृषि गणना तथ्यांक आधार मान्दा नेपालको वास्तविक र प्रभावकारी माग ८ लाख ९१ हजार टन देखिएको र त्यसलाई थप समायोजन गर्दा ८ लाख टन मल भए पुग्ने मन्त्रालयको प्रक्षेपण छ । मन्त्रालयले आगामी आर्थिक वर्षका लागि ६ लाख टन मल सरकारी अनुदान मार्फत ल्याउने योजना बनाएको छ । बाँकी माग निजी क्षेत्रको आपूर्तिले पूरा गर्ने विश्वास लिइएको छ ।

यद्यपि, मल खरिदका लागि बजेटको भने ठूलो चुनौती देखिएको छ । सहसचिव श्रेष्ठका अनुसार हालको अन्तर्राष्ट्रिय बजार मूल्य र विनिमयदर हेर्दा मल आपूर्तिमा करिब ५ अर्ब रुपैयाँ बजेट अपुग हुने देखिएको छ । सरकारी अनुदानको बजेटले करिब साढे ४ देखि ५ लाख टन मात्रै मल ल्याउन सकिने हुँदा माग र आपूर्तिबीचको खाडल भने कायमै छ ।

### तथ्यांकमा मलको अवस्था

सरकारले चालु आवका लागि ६ लाख टन मल ल्याउने लक्ष्य राखेकोमा ८ फागुनसम्म करिब पौने ५ लाख टन (४ लाख ७१ हजार ५ सय ११.९५ टन) आपूर्ति भइसकेको छ । कृषि मन्त्रालयको तथ्यांक अनुसार कृषि सामग्री कम्पनीले ३ लाख ४७ हजार ६ सय ६१ टन र साल्ट ट्रेडिङले १ लाख २३ हजार ८ सय ५०.३ टन मल आयात गरेका हुन् । आपूर्ति भएको मलमा २ लाख ७८ हजार ७ सय ७३.५ टन युरिया, १ लाख ७५ हजार १ सय ५०.७५ टन डीएपी र १७ हजार ५ सय ८७.७ टन पोटास छ ।

चालु आव मल खरिदका लागि सरकारले २८ अर्ब ८२ करोड १४ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो, जस अन्तर्गत हालसम्म ४ लाख ९१ हजार ४ सय टन मल खरिदका लागि टेन्डर प्रक्रिया अघि बढिसकेको छ ।

### पर्याप्त मौज्दात, निरन्तर बिक्री

आयात भएको र गत आवको मौज्दात समेत गरी हालसम्म ३ लाख ९० हजार ६६ टन मल बिक्री भइसकेको छ । कुल बिक्रीमध्ये २ लाख २७ हजार ७ सय ८१ टन युरिया, १ लाख ५१ हजार १ सय १४ टन डीएपी र ११ हजार १ सय ७० टन पोटास बिक्री भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । यो अवधिमा कृषि सामग्रीले १ लाख ७६ हजार ७ सय १० टन युरिया, १ लाख ६ हजार १ सय ७१ टन डीएपी र ५ हजार ७ सय २९ टन पोटास गरी कुल २ लाख ८८ हजार ६ सय ११ टन मल बिक्री गरेको छ ।

यस्तै साल्ट ट्रेडिङले ५१ हजार ७० टन युरिया, ४४ हजार ९ सय ४३ टन डीएपी र ५ हजार ४ सय ४० टन पोटास गरी कुल १ लाख १ हजार ४ सय ५४ टन बिक्री गरेको मन्त्रालयले जानकारी दिएको छ ।

### कति छ मौज्दात ?

हाल कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङको गोदाममा कुल १ लाख २७ हजार ४ सय ९२.७ टन मल मौज्दात छ, जसमा ७६ हजार ९५. ६५ टन युरिया, ३७ हजार ८ सय ६०.३ टन डीएपी र १७ हजार ५ सय ८७.७ टन पोटास समावेश छ । यसबाहेक ३३ हजार ३ सय ९५.३ टन मल नेपाल भित्रिने प्रक्रियामा (मार्गस्थ) रहेको मन्त्रालयले जनाएको छ ।

### धान रोपाइँमा मल अभाव नहुने प्रत्याभूति

आगामी बर्खे धान सिजन लक्षित गरी योजनाबद्ध तयारी थालेको कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलले बताए ।

*(स्रोत: अनलाइनखबर)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

*के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?*

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

मध्यपूर्वका नेपालीको सुरक्षा सरकारको उच्चप्राथमिकतामाः

# १७ लाख नेपाली सुरक्षित

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ परराष्ट्र मन्त्रालयले मध्यपूर्वका विभिन्न देशमा १७ लाख २९ हजारभन्दा बढी नेपाली नागरिक रहेको र उनीहरुको सुरक्षा सरकारको उच्चप्राथमिकतामा रहेको जनाएको छ ।



मन्त्रालयका सहसचिव एवं मध्यएसिया, पश्चिमएसिया तथा अफ्रिका महाशाखाप्रमुख रामकाजी खड्काले आइतबार आयोजित पत्रकार सम्मेलनमा पछिल्लो घटनाक्रमबारे जानकारी दिँदै यो कुरा बताएका हुन् । सहसचिव खड्काका अनुसार मन्त्रालयले ती देशका लागि 'ट्राभल एड्भाइजरी' जारी गर्दै सुरक्षित रहन आग्रह गरेको छ ।

सम्बन्धित देशमा रहेका नेपाली नियोग प्रमुखहरुसँग समन्वयका लागि 'ह्वाट्सएप' समूह गठन गरिएको र कन्सुलर सेवा विभागमार्फत अनलाइन दर्ता प्लेटफर्म विकासको काम सुरु गरिएको जानकारी उनले दिए । यो प्लेटफर्म सबै नियोगको वेबसाइटमा उपलब्ध गराइने छ ।

पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार मुख्यसचिव सुमनराज अर्यालको नेतृत्वमा आइतबार बसेको सर्वपक्षीय बैठकले परराष्ट्र सचिव अमृतबहादुर राईको नेतृत्वमा 'आकस्मिक उद्दार टोली' गठन गर्ने निर्णय गरेको छ । सम्भावित युद्धको अवस्था, त्यसको अवधि, छिमेकी मुलुकको कदम र सम्बन्धित देशको तत्परताका आधारमा उद्दार रणनीति तय गरिने मन्त्रालयको भनाइ छ । तथ्यांक अनुसार साउदी अरेबियामा तीन लाख ८४ हजार ८६५, संयुक्तअरब इमिरेट्स (युएई) मा सात लाख, कतारमा तीन लाख ५७ हजार ९१३ र कुवेतमा एक लाख ७५ हजार नेपाली रहेका छन् । यस्तै ओमनमा २५ हजार, बहराइनमा २८ हजार, इराकमा ३० हजार, साइप्रसमा १७ हजार, इजरायलमा छ हजार ५००, लेबनानमा एक हजार ४०० र इजिप्टमा ५०० नेपाली रहेका छन् । इरानमा रहेका १० नेपाली मध्ये चारजना स्वदेश फर्किसकेका छन् ।

मन्त्रालयका अर्का सह सचिव कृष्णप्रसाद ढकालले हालसम्म प्राप्त सूचनाअनुसार मध्यपूर्वमा रहेका नेपाली सुरक्षित रहेको बताए । उनले नेपाली नागरिकलाई नआत्तिन, आफन्तसँग सम्पर्कमा रहन र स्थानीय सरकार तथा दूतावासबाट जारी आधिकारिक सूचना पालना गर्न आग्रह गरे । मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेलक्षेत्रीले मध्यपूर्वमा विकसित घटनालाई नेपाल सरकारले नजिकबाट नियालिरहेको बताउँदै सबै पक्षलाई अधिकतम संयमता अपनाउन र विवाद समाधानका लागि कूटनीतिक पहल गर्न आह्वान गरे ।

### खाडीक्षेत्रका देशमा वैदेशिक रोजगारीका लागि श्रमस्वीकृति रोकियो

सरकारले मध्यपूर्व तथा खाडीक्षेत्रमा उत्पन्न विषम परिस्थितिलाई मध्यनजर गर्दै विभिन्न देशका लागि वैदेशिक रोजगारीमा जाने कामदारको श्रमस्वीकृति स्थगन गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार अर्को व्यवस्था नभएसम्मका लागि व्यक्तिगत र संस्थागत श्रमस्वीकृति रोकिएको हो ।

वैदेशिक रोजगार विभाग, वैदेशिक श्रमस्वीकृति शाखा ताहाचलले आइतबार सूचना जारी गर्दै साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स (युएई), कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायल सहितका देशमा श्रमस्वीकृति रोकेको जनाएको छ ।

सूचनाअनुसार ती देशमा रोजगारीका लागि यस विभाग र अन्तर्गतका निकायबाट प्रदान गरिने सबै प्रकारका श्रमस्वीकृति अर्को सूचना जारी नभएसम्मका लागि स्थगन गरिएको हो । मन्त्रालयले फागुन १७ गते यो निर्णय गरेको विभागले जनाएको छ । मध्यपूर्वमा बढ्दै गएको तनाव र सुरक्षा जोखिमलाई ध्यानमा राखी सरकारले यो कदम चालेको हो ।

# सिंहदरबार जलाउनेविरुद्ध कांग्रेस लड्छः प्रदेश सभापति बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ नेपाली कांग्रेस युवा तथा स्वयंसेवक परिचालन समिति काभ्रेपलाञ्चोकको आयोजनामा प्रतिनिधिसभा निर्वाचन २०८२ लाई लक्षित गर्दै बृहत् युवाभेला सम्पन्न भएको छ ।

भेलालाई सम्बोधन गर्दै बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले अब जनताको भ्रम चिर्नुपर्ने समय आएको बताएका छन् । उनले कार्यकर्तालाई गाउँबस्तीमा पुगेर आममतदातालाई नेपाली कांग्रेसका उम्मेदवारलाई रुखचिन्हमा मतदान गर्न आग्रह गरे । उनले केही नयाँ राजनीतिक शक्तिहरु सामाजिक सञ्जालमार्फत जनतामा भ्रम सिर्जना गरिरहेको आरोप लगाए । 'घण्टी बजाएर र मोवाइलमार्फत् भ्रम फैलाउने काम भइरहेको छ,' उनले भने, 'जनतालाई सत्य कुरा बुझाउन अब कांग्रेस कार्यकर्ता सक्रिय हुनुपर्छ ।'

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालप्रति संकेत गर्दै बानियाँले नेता र नीति नफेरी केवल चुनावचिन्ह परिवर्तन गरेर जनतामाझ जाने प्रवृत्ति देखिएको टिप्पणी गरे । उनले २०६४ सालको निर्वाचनमा त्राश र आशको मिश्रित वातावरणमा मतदान भएको दाबी गरे । त्यसैगरी उनले केही दलहरु जनताको भावना भड्काएर र सामाजिक सञ्जाल प्रयोग गरेर राजनीतिक लाभ लिन खोजिरहेको आरोप लगाए । आज गरिबले जीवनयापन गर्नलाई दुःख गरेको पैसा चलाउनी र सिंहदरबार जलाउनेहरुको गठबन्धन भएको छ । उनले भने, 'यो देशका नेताहरुले आमजनतालाई भ्रम सिर्जना गर्नेहरु हिजो माओवादीको रुपमा थियो आज सामाजिक संजालभित्र देखिएको छ । त्यसैगरी रास्वपाको नेता भन्नेहरु जनताको पैसा चलाउने र एउटा सिहदरबार जलाउनेहरुको गठबन्धन भएको छ ।'

घण्टी पाटीले जनतालाई धेरै नै भ्रम सिर्जना गरेको उनको भनाइ रहेको छ । कांग्रेस भने सधैं जनताको बीचमा रहेर काम गर्ने पार्टी भएको दाबी गर्दै उनले झुट र भ्रमको राजनीतिबाट टाढा रहने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा जिल्लाका युवा नेता तथा कार्यकर्ताको उल्लेखनीय सहभागिता रहेको थियो । निर्वाचनलाई लक्षित गर्दै संगठन सुदृढीकरण, मतदाता भेटघाट र घरदैलो अभियानलाई तीव्रता दिने निर्णय गरिएको छ ।

# मकवानपुरका ४० उम्मेदवारले बैंक खाता खोले




साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मकवानपुरमा उम्मेदवारी दर्ता गराएका मध्ये ४० जनाले बैंक खाता खोलेका छन् ।

दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा स्वतन्त्रसहित ४४ जनाले उम्मेदवारी दिएकामध्ये ४ जनाले खाता खोल्न बाँकी रहेको प्रदेश निर्वाचन कार्यालय हेटौंडाले जनाएको छ । प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख हरिप्रसाद ढकालका अनुसार ४४ जना उम्मेदवारमध्ये श्रम संस्कृति पार्टीका उम्मेदवार र एकजना स्वतन्त्र उम्मेदवारले सिफारिस नै लिन बाँकी रहेको छ । 'हालसम्म ४० जनाले खाता खोल्नुभएको र सबै उम्मेदवार लाई टेलिफोन गरी खाता खोल्न आग्रह गरिएको छ'-प्रमुख ढकालले जानकारी दिए । 'हामीले बाँकी रहनुभएकालाई पनि खाता खोल्न भनेका छौं, कतिपय उम्मेदवारले केन्द्रबाटै खर्च हुने भन्नुभएको र कतिपयले भने खाता खोल्ने प्रक्रियामा नै रहेको जवाफ दिनुभएको छ' ढकालले भने ।

मकवानपुरको क्षेत्र नम्बर १ मा २३ जना र क्षेत्र नम्बर २ मा २१ जनाले उम्मेदवारी दर्ता गराएका छन् । क्षेत्र नम्बर २ बाट श्रम संस्कृति पार्टीका उम्मेदवार युनिट लामा स्याङ्तान र स्वतन्त्र उम्मेदवार सीतामाया बलले सिफारिस लिन बाँकी रहेको छ । क्षेत्र नम्बर १ का स्वतन्त्र उम्मेदवार सुशीला सुवेदी र राकेशकुमार शर्माले बैंक खाता खोल्न काँकी रहेको प्रमुख ढकालले बताए । निर्वाचन आयोगले राजनीतिक दल एवं उम्मेदवारबाट हुने निर्वाचन प्रचारप्रसारका लागि प्राप्त हुने स्वैच्छिक आर्थिक सहयोगको रकम र त्यसको प्रचारप्रसारका लागि गर्ने खर्चलाई मितव्ययी, पारदर्शी बनाइ निर्वाचनमा सुशासन कायम गर्न बैङ्किङ खाता खोल्नुपर्ने प्रावधान ल्याएको हो ।

जिल्लाको क्षेत्र नम्बर १ मा १३ जना दलीय र १० जना स्वतन्त्र तथा क्षेत्र नम्बर २ मा १६ जना दलीय र ५ जना स्वतन्त्र उम्मेदवार रहेकोमा हालसम्म १४ जना उम्मेदवारले मात्र आफ्नो घोषणापत्र आयोगमा बुझाएका छन् । प्रदेश निर्वाचन कार्यालयका सूचनाअधिकारी ताराप्रसाद आचार्यका अनुसार कार्यालयमा अहिलेसम्म दल र स्वतन्त्र गरी १४ जनाको घोषणापत्र प्राप्त भएको छ । हालसम्म नेपाल मजदुर किसान पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल कम्युनिष्ट पार्टी र स्वतन्त्र उम्मेदवारहरु राकेशकुमार शर्मा, सीतामाया बल, प्रमिला खतिवडा, रमेश आचार्य, राजकुमार खड्काको घोषणापत्र प्राप्त भएको जानकारी दिँदै उनले अन्य दलले केन्द्रमा नै बुझाउन सक्ने हुँदा सोहीअनुसार भएको हुनुपर्ने बताए ।

# इरानी आक्रमणमा एक नेपालीको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ परराष्ट्र मन्त्रालयले मध्यपूर्वका विभिन्न देशमा १७ लाख बढी नेपाली नागरिक रहेको र उनीहरुको सुरक्षा सरकारको उच्चप्राथमिकतामा रहेको बताइरहँदा एक नेपालीको ज्यान गएको छ ।

अमेरिकाले इरानमाथि गरेको भीषण आक्रमणपछि उत्पन्न युद्धका कारण दुबईमा एक नेपालीले आइतबार ज्यान गुमाएका हुन् । गल्फ न्यूजका अनुसार एक नेपाली युवाले दुबईमा ज्यान गुमाएका छन् । इरानले दुबईस्थित अमेरिकी एयरबेसमा प्रहार गरेको मिलाईललाई आकाशमा ध्वस्त पार्ने क्रममा त्यसका अवशेषहरु खसेर लाग्दा तीन जनाको ज्यान गएको समाचारमा बताइएको छ । मृत्यु हुनेहरुमा एक नेपाली एक पाकिस्तानी र एक बंगलादेशी नागरिक रहेका छन् ।

अनाहकमा नेपाली युवाको निधन भएपछि नेपालीहरुले सामाजिक सञ्जालमा अमेरिका, इजरायल र इरानका विरुद्धमा आक्रोश व्यक्त गर्न सुरु गरेका छन् । हालसम्म पाकिस्तानका दुईजनाको मृत्यु भइसकेको बताइएको छ । पाकिस्तानमा आक्रोसित समुदायले त्यहाँस्थित अमेरिकी राजदूताबासमा ढुंगामुढा प्रहार गरेका थिए । नेपालको परराष्ट्र मन्त्रालयले पछिल्लो घटनाक्रमबारे ती देशका लागि 'ट्राभल एड्भाइजरी' जारी गर्दै सुरक्षित रहन आग्रह गरेको छ ।

# दुर्गा प्रसाईं अन्तरिम सरकार बनेपछि ५औं पटक पक्राउ

काठमाडौं/मेडिकल व्यवसायी दुर्गा प्रसाईं आइतबार भक्तपुरबाट पक्राउ परे । भक्तपुर स्थित घरमा प्रसाईंलाई पक्राउ गर्न जिल्ला प्रहरी परिसर भक्तपुरका एसपी सूर्य खड्का आफ्ना दुई जना डीएसपी सहित पुगेका थिए ।

सार्वजनिक शान्ति विरुद्धको कसुरमा अहिले उनलाई जिल्ला प्रशासन कार्यालयबाट ५ दिनको म्याद लिएर जिल्ला प्रहरी परिसर भक्तपुरको हिरासतमा राखिएको छ । भदौ २३ र २४ मा जेनजी आन्दोलन भयो । आन्दोलन पछि बनेको अन्तरिम सरकारको नेतृत्व पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीले गरिन् । सुशीला कार्कीले सरकारको नेतृत्व गरेपछि प्रसाईं ५औं पटक पक्राउ परिसकेका छन् ।

जेनजी आन्दोलनपछि मुलुक निर्वाचनमा होमिँदा पनि प्रसाईं निर्वाचनमा जान तयार भएनन् । व्यवस्था परिवर्तन र २० लाखसम्मको ऋण मिनाहा लगायतका २६ बुँदे माग राखेर उनी निरन्तर सरकारविरुद्ध सडकमा जान खोजे । तर, सरकारले उनलाई रोकिरहेको छ । प्रसाईंले २०८२ मङ्सिरमा आन्दोलन गर्न खोजेपछि प्रहरीले उनलाई पक्राउ गरेको थियो ।

हिंसा भड्काउने अभिव्यक्ति दिएको आरोपमा मङ्सिर २ मा पक्राउ परेका उनी सर्वोच्च अदालतको आदेशमा छुटे । त्यसयता उनलाई आन्दोलन गर्नबाट रोक्न र चुनावको बातावरण बिगार्न नदिने गरी प्रहरीले पक्राउ गर्दै आएको छ । सरकारले उनलाई कुनै कडा मुद्दा लगाउन सकेको छैन । पक्राउ गर्ने र प्रमुख जिल्ला अधिकारीको कार्यक्षेत्रमा पर्ने सार्वजनिक शान्ति विरुद्धको कसुरमा अल्झाएर उनलाई हिरासतमा राख्ने सुरक्षा रणनीति अख्तियार गरेको पाइन्छ ।

फागुन २१ मा हुने निर्वाचनमा देखिएका चुनौतीमध्ये एउटा चुनौती प्रसाईं समूह रहेको प्रहरीका उच्च अधिकृतहरू बताउँछन् । केन्द्रीय सुरक्षा समितिबाट स्वीकृत प्रतिनिधिसभा सदस्य निर्वाचनको एकीकृत सुरक्षा योजना तयार गर्दा नै दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' ले निर्वाचन बिथोल्न सक्ने सुरक्षा विश्लेषण गरिएको थियो ।

मङ्सिरमा पक्राउ परेपछि प्रसाईंले अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीसँग ३ पटक भेटे । सरकार उनको माग पुरा गर्न तयार नभएपछि प्रसाईंले फागुन १ गतेदेखि आन्दोलनको घोषणा गरे । त्यसयता प्रसाईं लगातार प्रहरीको निशानामा पर्दै आएका छन् । आन्दोलन घोषणा गर्दै प्रसाईंले भनेका थिए, 'अन्तरिम संविधान लागू भएपछि मात्र चुनाव, नत्र चुनाव हुन दिँदैनौं ।'

निमुखा जनताको समस्या समाधान गर्ने उद्देश्य लिएर हिँडेको बताउने गरे पनि प्रसाईं 'हल्का अभिव्यक्ति' का कारण विवादमा पर्ने गरेका छन् । नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगन थापा पक्षले निर्वाचन आयोगमा रकम बुझाएर आधिकारिकता लिएको सार्वजनिक अभिव्यक्ति दिएपछि उनी माघ ५ मा पोखराबाट पक्राउ परेका थिए । सार्वजनिक शान्ति विरुद्धको कसुरमा उनी भोलिपल्ट नै रिहा भएका थिए ।

# प्रधान सेनापतिद्वारा मध्यपृतना मुख्यालयको निरीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ प्रधान सेनापति अशोकराज सिग्देलले आइतबार हेटौंडाको सुपारेटारस्थित मध्यपृतना मुख्यालयको निरीक्षण भ्रमण गरेका छन् ।



निरीक्षणका क्रममा प्रधानसेनापति सिग्देलले पृतनाको जिम्मेवारी क्षेत्रमा आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षा एवं समग्र वस्तुस्थितिबारे जानकारी लिएका सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । प्रधानसेनापति सिग्देलले त्यस अवसरमा सकलदर्जालाई प्राप्त जिम्मेवारी उत्कृष्ट ढंगले सम्पादन गर्न निर्देशन दिएका थिए । उनले प्रदेश कमाण्डपोस्ट र निर्वाचन सेलका पदाधिकारीसँग अन्तरक्रिया गरेका निर्देशनालयले जनाएको छ ।

# निर्वाचनको सार्वजनिक बिदामा आयल निगमका डिपो खुला रहने



साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ नेपाल आयल निगमले प्रतिनिधिसभा निर्वाचनका क्रममा पेट्रोलियमपदार्थ आपूर्ति र वितरण प्रभावकारी बनाउन सार्वजनिक बिदाका दिनमा पनि आफ्ना विभिन्न प्रादेशिक कार्यालय तथा डिपो खुला राख्ने भएको छ ।

सरकारले निर्वाचनका लागि फागुन २० गतेदेखि २२ गतेसम्म देशभरि सार्वजनिक बिदा दिने निर्णय गरेका सन्दर्भमा इन्धनको सहज उपलब्धता सुनिश्चित गर्न निगमले यस्तो व्यवस्था गरेको हो । निगमकाअनुसार कोशी प्रादेशिक कार्यालय विराटनगर फागुन २२ र २४ गते खुला रहने छ भने मधेश प्रादेशिक कार्यालय अमलेखगञ्ज फागुन १९, २० र २३ गते सञ्चालनमा आउने छ । त्यसैगरी बागमती प्रादेशिक कार्यालय थानकोटले बिदाको दिन १८ फागुनमा पेट्रोलियम पदार्थ बिक्री गर्ने छ भने २० र २३ गते खुला रहने छ । गण्डकी प्रादेशिक कार्यालय पोखरा फागुन २०, २३ र २४ मा खुला रहनेछन् ।

लुम्बिनी प्रादेशिक कार्यालय भैरहवा भने फागुन १७, १८, २० र २३ गते सञ्चालन हुने निगमले जनाएको छ । यसैगरी कर्णाली प्रादेशिक कार्यालय सुर्खेत फागुन १८ र २० गते तथा सुदूर पश्चिम प्रादेशिक कार्यालय धनगढी फागुन १९, २० र २२ गते खुला र हने व्यवस्था मिलाइएको छ । अन्य डिपो तथा शाखाका हकमा धनुषा महेन्द्रनगर इन्धन डिपो फागुन २२ र २४ गते, नेपालगञ्ज डिपो २० र २२ गते, झापा चारआली शाखा २२ र २४ गते तथा वीरगञ्ज शाखा कार्यालय फागुन २०, २२, २३ र २४ गते खुला रहनेछन् । इन्धन आपूर्ति र वितरण क्रममा कुनै समस्या आए वा समन्वय गर्नुपरे निगमले प्रत्येक कार्यालयका लागि जिम्मेवार अधिकारी र उनीहरुको सम्पर्क नम्बर सार्वजनिक गरेको छ ।

# सामसनको शानदार ब्याटिङमा भारत टी-२० विश्वकपको सेमिफाइनलमा, वेस्ट इन्डिज बाहिरियो

काठमाडौं/सन्जु सामसनको शानदार ब्याटिङ प्रदर्शनमा भारत आईसीसी टी-२० विश्वकप २०२६ को सेमिफाइनलमा प्रवेश गरेको छ । आइतबार भएको सुपर ८ को अन्तिम खेलमा वेस्ट इन्डिजलाई ५ विकेटले हराउँदै भारत सेमिफाइनलमा प्रवेश गरेको हो । सामसनले ५० बलमा अविजित ९७ रन बनाए ।



वेस्ट इन्डिजले दिएको १९६ रनको बलियो लक्ष्य भारतले १९.२ ओभरमा ५ विकेटको क्षतिमा पूरा गऱ्यो । अन्तिम ओभरमा ७ रन आवश्यक हुँदा सामसनले छक्का र चौका प्रहार गरे ।

तिलक वर्माले २७, कप्तान सूर्यकुमार यादवले १८, हार्दिक पान्ड्याले १७ रन बनाए । भारतको टी-२० विश्वकपमा सर्वाधिक सफल रन चेज समेत हो । वेस्ट इन्डिजका शमार जोसेफ र जेसन होल्डरले २-२ विकेट लिँदा अकिल होसेनले १ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको वेस्ट इन्डिजले २० ओभरमा ४ विकेट गुमाएर १९५ रन बनाएको थियो । रस्टन चेसले सर्वाधिक ४० रन बनाए । जेसन होल्डर ३७ तथा रोभमन पावेल ३४ रनमा अविजित रहे । वेस्ट इन्डिज ११९-४ को अवस्थाबाट पाँचौं विकेटका लागि होल्डर र पावेल मिलेर ७६ रनको साझेदारी गरेका थिए ।

भारतका लागि जसप्रित बुमराहले २ विकेट लिए भने हार्दिक पान्ड्या र वरुण चक्रवर्तीले १-१ विकेट लिए । भारतले अब फाइनल प्रवेशका लागि इंग्ल्यान्डसँग खेल्नेछ । अर्को सेमिफाइनलमा दक्षिण अफ्रिका र न्युजिल्यान्ड खेल्नेछन् ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना